CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीपुष्पदन्ताचार्यविरचितं

शिवमहिम्नः स्तोत्रम्

(...लिपद्यानुवादेन टिप्पण्यादिना च सहितम्)



अध्यस्यते जगदिदं यस्मिन्कूटस्थ आत्मनि ।
षड्विंशं तमहं वन्दे सत्यं शिवमयं महः ॥

प्रा.डा. दुर्गादत्तशर्मा उपाध्यायः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
ह·ए-५१६
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इ.पु. ५९६

श्रीपुष्पदन्ताचार्य विरचित

शिवमहिम्नस्तोत्र

अन्वय, नेपाली पद्यानुवाद एवं टिप्पणी सहित

वाल्मीकिविद्यापीठपुस्तकालयाय सादरं
समर्पयति दुर्गादत्तशर्मा
उपाध्यायः ।

दुर्गादत्तशर्मा
०६१।११।३०

सान्वय नेपालीपद्यानुवाद एवं
टिप्पणी आदिका लेखक तथा सम्पादक
डा. दुर्गादत्तशर्मा उपाध्याय
प्राध्यापक
वाल्मीकि विद्यापीठ

त्रिपुरोत्सवः (कार्तिकशुक्लपूर्णिमा)
२०६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखक
प्रा.डा. दुर्गादत्तशर्मा उपाध्याय
जन्मस्थल - जैदी गा.वि.स., वार्ड नं. १, बाग्लुङ।
स्थायी आवास - भ.न.पा. वार्ड नं. १२, चितवन।
हाल - ठमेल, काठमाडौं। फोन नं. - ४४१८७२४

© सर्वाधिकार
लेखकमा सुरक्षित

प्रकाशित प्रति
१००० प्रति

प्रकाशिका
श्रीमती भगवती देवी पौडेल
जन्म - वि.सं. २०००/११/१०

मूल्य रू.
...७५/-

ACC 503

कम्प्यूटर
क्वालिटी लेजर प्रिन्ट, बागबजार
फोन नं. ४२४२६५६

मुद्रक
लुष प्रेस, बानेश्वर, काठमाडौं
फोन नं. : ४७८२८२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखक
प्रा.डा. दुर्गादत्तशर्मा उपाध्याय
जन्मस्थल - जैदी गा.वि.स., वार्ड नं. १, बाग्लुङ ।
स्थायी आवास - भ.न.पा. वार्ड नं. १२, चितवन ।
हाल - ठमेल, काठमाडौं । फोन नं. - ४४१८७२४

© **सर्वाधिकार**
लेखकमा सुरक्षित

प्रकाशित प्रति
१००० प्रति

प्रकाशिका
श्रीमती भगवती देवी पौडेल
जन्म - वि.सं. २०००/११/१०

मूल्य रू.
...७५/-

कम्प्यूटर
क्वालिटी लेजर प्रिन्ट, बागबजार
फोन नं. ४२४२६५६

मुद्रक
लुष प्रेस, बानेश्वर, काठमाडौं
फोन नं. : ४७८२८२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभाशंसा

संस्कृत वाङ्मय यति महान्, यति विशाल र यति गहन छ कि त्यसको इयत्ता पत्ता लगाउन सम्भव छैन । त्यस महान् वाङ्मयसागरमा यति धेरै रत्नहरू छन् कि तिनको यथार्थता पहिल्याउनु पनि कल्पनाभन्दा टाढाको विषय हो । गहिराइमा पुग्न सक्नेहरूका लागि त्यस्ता अमूल्य रत्न उपलब्ध हुनसक्छन् जसको मूल्य निर्धारण हुन सक्तैन । "शिवमहिम्नः स्तोत्र' पनि त्यस्तै अनमोल एक रत्न हो जसलाई अथाह साहित्यसागरबाट प्रा.डा. दुर्गादत्त शर्माले चयन गर्नुभएको छ ।

प्रस्तुत 'शिवमहिम्नः स्तोत्र' दार्शनिक, साहित्यिक, भाषिक, धार्मिक र सांस्कृतिक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण छ । परिष्कृत साहित्यिक शैली र ओजपूर्ण स्पष्ट अभिव्यक्तिले यस स्तोत्रको गरिमा बढाएको हुनाले भक्तिसाहित्यमा यो विशेष चर्चित र लोकप्रिय रहेको छ । आकारमा सानो भए पनि महत्ताका दृष्टिले यो विशाल छ । यसै कृतिमा यसबारे भनिएको छ –

महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः ।
अघोरान्नापरो मन्त्रो नास्ति तत्त्वं गुरोः परम् ।।

(देवतामा महादेव, स्तोत्रमा यो छ उत्तम ।
अघोर मन्त्रमा श्रेष्ठ, गुरु हुन् ज्ञान वास्तव ।।)

(यसै पुस्तकबाट श्लो. ३५)

प्रा.डा. दुर्गादत्त शर्मा संस्कृत साहित्यका आधिकारिक विद्वान् हुनुहुन्छ। संस्कृत विधाको साधनामा उहाँले लामो समय बिताउनुभएको छ । शिवमहिम्नः स्तोत्रको महत्त्व राम्ररी सम्झेर उहाँले यसको नेपाली भाषामा समच्छन्दीपद्यानुवाद गर्नुभएको छ । यो अनुवाद संस्कृतमा रचित मूलस्तोत्रको भाव व्यक्त गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्षम छ भन्ने मैले ठानेको छु । साथै कठिन शब्दको छुट्टै अर्थ र परिभाषिक शब्दको परिचयात्मक टिप्पणी तथा प्रासङ्गिक इतिवृत्तको विवरण पनि दिएर उहाँले आफ्नो अनुवादलाई पूर्णता दिने प्रयास गर्नुभएको छ । निश्चय नै यस कार्यलाई सराहना गर्नुपर्दछ । श्री दुर्गादत्तजीले अरू धेरै संस्कृत कृतिहरूको अनुवाद, व्याख्या र सम्पादन गर्नुभएको छ । तर यो 'शिवमहिम्नः स्तोत्र' को अनुवाद ३ दशकभन्दा पहिल्यै गरिसक्नुभएको र यसको प्रकाशनका निमित्त विद्वान्हरूबाट २० वर्षअघि नै सम्मतिसमेत लिइसक्नुभएको बुझिन्छ । सम्मतिदाताहरूले प्रस्तुत अनुवादको प्रशंसासमेत खुलस्त रूपमा गर्नुभएको छ । अनुवादकले ती सम्मतिहरूलाई यथावत् रूपमा यहाँ समावेश गर्नुभएको छ ।

अनुवाद कठिन कार्य हो । अरूले आफ्नै शैली र शब्दमा प्रकट गरेको भावलाई भाषान्तर गरी सोही छन्दमा उतार्नु सजिलो छैन तर अभ्यास र साधनाले दुर्गादत्तजीले यो कार्य सफलतापूर्वक सम्पन्न गर्नुभएको छ। हाल यो अनूदित कृति मूलसहित प्रकाशित हुनलागेकोमा अनुवादकलाई बधाई दिंदै प्रकाशनकार्यमा संलग्न सबैलाई हार्दिक साधुवाद ज्ञापन गर्दछु । यस कृतिबाट बढीभन्दा बढी पाठकहरूले लाभ उठाउन सकून् भन्ने कामना गर्दछु।

इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः ।
अर्पिता तेन देवेशः प्रीयतां मे सदाशिवः।।

(यो उक्त वाङ्मयी पूजा श्रीमान् शङ्करपाउमा ।
चढाएँ यसले होउन् प्रसन्न भगवान् शिव ।।)

(यसै पुस्तकबाट श्लोक ४०)

शुभाशंसी-
डा. माधव भट्टराई
नायब बडागुरुज्यू

दिनाङ्क – २०६१/७/२६
अनामनगर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो दृष्टिमा

हिन्दूवाङ्मयमा वैदिकसाहित्यको जति महत्त्व छ, उतिनै स्तोत्रहरूको पनि महत्त्व छ । संस्कृत भाषामा उपलब्ध पाँच सयभन्दा बढ्ता स्तोत्रहरू प्रकाशित भएका छन् । यी स्तोत्रहरू अनेक विषयमा आधारित छन् । केबल स्तुति, प्रार्थना आदि मात्रै नभएर आर्यावर्तीय दार्शनिक तत्त्वलाई अति सूक्ष्मरूपले विवेचना गर्ने स्तोत्रहरू पनि छन् । तीमध्ये स्तोत्ररत्नको रूपमा शिवमहिम्नः स्तोत्र अत्यन्त प्रसिद्ध छ । वैष्णव स्तोत्रहरूमा आलवन्दार स्तोत्रको जो महत्त्व छ, त्यही महत्त्व महिम्नस्तोत्रको पनि छ। आलवन्दार स्तोत्रले शरणागतिको जो उदात्त दृश्य उब्भ्याउँछ, त्यस्तै परम शिवभक्त पुष्पदन्ताचार्यको स्तोत्रले पनि शिव सायुज्यको स्वरूप उभ्याएको छ। वेदान्त दर्शनमा अद्वैतवेदान्तको दार्शनिक तत्त्व प्रतिपादन गर्ने स्तोत्रहरूमा यो स्तोत्र अत्युत्तम छ । यसले अनेक मतको इतिहास पनि उपस्थापन गर्छ । जस्तै त्रयी, साङ्ख्य, योग, पशुपति, वैष्णव आदिका उल्लेखबाट इतिहास पुष्ट हुन्छ । दार्शनिकताको सम्बन्धमा त 'अतत् व्यावृत्ति' आदि शब्दले नै प्रष्ट्याएको छ । थोरै समयमा कसरी लेखौँ र ? म यस विषयमा अरू खुलस्त पार्ने थिएँ । तर समय नै बलवान् हुँदो रहेछ । अस्तु ।

तर मलाई साह्रै खुशीको कुरा के लाग्यो भने मेरो पुरानो साथी पण्डित श्री दुर्गादत्त शर्मा साहित्याचार्य हाल मटिहानी या.ल.ना. संस्कृत विद्यापीठको सहायक प्राध्यापकजीले यति कठिन महिम्नस्तोत्रको राष्ट्रभाषा नेपालीमा अत्यन्त सरल र सुबोध उसै छन्दमा अनुवाद गर्नु भएछ । यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवादलाई दृष्टिपात गर्दा मलाई साह्रै राम्रो लाग्यो । योभन्दा पहिले पं. कुलचन्द्र गौतमजीको अनुवाद निक्लेको देखियो । तर गौतमजीको अनुवाद सबैको आँखामा लाग्दैन । परन्तु यो अनुवाद आफ्नो ढङ्गमा प्राञ्जल र हृदयग्राही छ । ठूलो पण्डितदेखि लिएर जनसाधारणलाई पनि उपकार पुऱ्याउनेछ । म मेरा साथी पं. दुर्गादत्तजीलाई धन्यवाद दिन्छु । किनभने जनसाधारणको उपकारको साथै नेपाली भाषाको प्रचार र मूल संस्कृतको संरक्षण एउटै तीरले तीनै लक्ष्य भेदन भएको छ । यो साह्रै घत लाग्ने विषय छ । पाठकवृन्दले मनोयोगले पढेर पाठ गरेको खण्डमा ठूलो लाभ पनि हुनेछ । यो मलाई हार्दिक विश्वास छ ।

डा. स्वामी प्रपन्नाचार्य
नेपाली विभाग
काशी हिन्दू विश्वविद्यालय
वाराणसी
इ.सं. ९/७/१९८४
वि.सं. २४/३/२०४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्तव

गन्धर्वराज शिवभक्त पुष्पदन्त विरचित श्रीशङ्करको यो स्तवराज भगवद्भक्त भावुक जनहरूको कण्ठहारसमान छ । उसैको भाषामा पनि जनताले आस्वाद गरून् भनेर मटीहानी संस्कृतविद्यापीठमा साहित्यका सहायक प्राध्यापक साहित्याचार्य पण्डित श्री दुर्गादत्त शर्मा पौडेलले नेपाली भाषामा गरेको पद्यमय अनुवाद मैले पढैं, शैली प्राञ्जल छ । विषय अलि जटिल हुनाले संस्कृतको प्रयोगाधिक्यले थोरै अंशमा दुरूह भए तापनि समष्टि रूपमा अनुवादक पं. दुर्गादत्तजीको प्रयास श्लाघनीय छ भन्ने मेरो विचार छ । यसको उत्तरोत्तर प्रचार भई उहाँका अरू ग्रन्थहरू पनि निस्कून् भन्ने मेरो कामना छ ।

शेषराजशर्मा रेग्मी
के. २२/७७ ब्रह्माघाट, वाराणसी
इ.सं. ९/७/१९०४
वि.सं. २४/३/२०४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मति

श्री दुर्गादत्त पौड्यालजीले गर्नुभएको शिवमहिम्नस्तोत्रको छायानुवाद उहाँकै मुखबाट सुन्दा बडो राम्रो लाग्यो । भगवान् शङ्करको गुणानुवादले वाणी पवित्र गर्नु हाम्रो परम्परा मात्र होइन कि जीवनको परमलक्ष्य प्राप्त गर्ने एक अत्युच्च साधना मार्ग पनि हो भन्ने ठानेर म उहाँप्रति श्रद्धा व्यक्त गर्न पनि राम्रो मान्दछु ।

प्रा. जुननाथ पण्डित
२०४३/३/२
लाजिम्पाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

साहित्यिक दृष्टिले मात्र होइन भगवद्भक्तिको विकासको दृष्टिले समेत स्तुतिकाव्यको ठूलो महत्त्व छ । संस्कृतका स्तुतिकाव्यहरूमा शिवमहिम्नः स्तोत्रको अनुपम स्थान छ । यस स्तुतिकाव्यमा इतिहासपक्ष, कलापक्ष, भावनापक्ष र दर्शनपक्ष सबै नै समुज्ज्वल रूपमा अङ्कित छन् । हिन्दूसमाजमा रहेको भावनात्मक एकताको विकासमा यस स्तोत्रले निकै योगदान पुर्‍याएको छ । यस्तो महत्त्वपूर्ण स्तुतिकाव्यको नेपाली भाषामा छायानुवाद गर्नु भई सहायक प्राध्यापक श्री दुर्गादत्त शर्माले अत्यन्त प्रशंसनीय कार्य गर्नुभएको छ । समच्छन्दमा अनुवाद गर्नु कम गाह्रो हुँदैन। परन्तु लेखकले ब्डो मिहिनेत साथ सरल र सरस रूपमा भाव उतारी अनुवाद गर्नुभएको पाउँदा खुशी लागेको छ । आउँदो समयमा अझ राम्रा र महत्त्वपूर्ण कृतिहरूको निर्माण गर्नेतर्फ लेखकमा जागृति बढिरहोस् भन्ने शुभकामना साथ प्रस्तुत अनुवादबाट पाठकहरूले लाभ उठाउनु हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

खेमराज केशवशरण

२०४१/१०/१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

यो महिम्नस्तोत्रको अनुवादले मेरो मानसपटलमा धेरै अघि बितेका दिनहरूको स्मरण गराउँछ । म आजभन्दा करीब छत्तीस वर्ष अघि युवावस्थामा घर (बाग्लुङ् जैदी गा.वि.स.) देखि अन्दाजी २ दिनको बाटो टाढा म्याग्दी जिल्लाको 'राखु' भन्ने ठाउँमा रहेको माध्यमिक विद्यालयमा शिक्षक भएर गएको थिएँ ।

त्यहाँ आवास कोठामा एक्लै बस्नुपर्दा मलाई साह्रै नियास्रो लाग्दथ्यो। अनि बाल्यावस्था नै कण्ठस्थ गरेको यही शिवमहिम्नःस्नोत्र सायं प्रातः गुनगुनाउँदै पाठ गरिरहन्थें । त्यसैबाट शान्ति मिल्दथ्यो । त्यस्तै प्रक्रममा एक दिन मलाई यस स्तोत्रको समच्छन्दमा अनुवाद गर्ने आन्तरिक प्रेरणा जागरित भयो र त्यस कार्यमा प्रवृत्त भएँ । नेपालीमा अनुवाद गर्दा शब्द–चयनमा निकै प्रयास भयो । संस्कृतको जस्तो विशाल शब्दभण्डार नेपालीमा छैन । संस्कृतमा झैं स्वल्पाक्षर बह्वर्थक समस्तशब्द एवं तद्धितप्रत्ययान्त शब्द पनि नेपाली भाषामा विरलै पाइन्छन् । यसैले संस्कृत भाषाका पद्यभित्र रहेका तत्तत्पदको ठीक अर्थ अभिव्यक्त हुने गरी उही छन्दमा अनुवाद गर्न अति कठिन हुन्छ भन्ने कुरा सर्वविदित छ । अतः मुश्किलले दिनमा एक पद्य, आधा पद्य गर्दै अनुवाद गर्न थालें ।

बीचबीचमा पाठ्य विषयवस्तुको अध्ययन अध्यापनको व्यस्तताले कैयौँ दिन फुर्सद मिल्दैनथ्यो । यस्तै उल्झन बीच पनि समय निकालेर संलग्न भैरहँदा आरम्भ गरेको ६–७ महिनापछि मात्र यो अनुवाद पूरा भयो । यो २०२४–२५ सालको कुरा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसलाई तत्काल प्रकाशन गर्ने विचार गर्दागर्दै परिस्थितिवश त्यत्तिकै रहिरह्यो । त्यतिखेर अहिलेजस्तो प्रकाशन गर्ने सुविधा पनि थिएन ।

त्यसपछि जीवनयात्राको योगक्षेमवाहक अध्यापन व्यवसायको परम्पराक्रममा उक्त राखुको माध्यमिक विद्यालयबाट विभिन्न ठाउँमा सरुवा हुँदै १३-१४ वर्ष मा.वि. सेवामा बिताएर २०३८ सालमा म.सं.वि. सेवामा प्रवेश गरियो ।

२०४१ सालमा विश्वविद्यालयको आवश्यक कामले बनारस गएको थिएँ । त्यतिखेर डा. स्वामी प्रपन्नाचार्य एवं प्रा. शेषराज गुरु पनि बनारसमै हुनुहुन्थ्यो । उहाँहरूले मेरो यो रचना अवलोकन गरेर उसै समयमा लेखिदिएका सम्मति र काठमाण्डूमा तात्कालिक राजगुरु जुननाथ पण्डित एवं गुरु खेमराज केशवशरणबाट प्राप्त भएका उही बेलाका सम्मतिहरू यसभन्दा अगाडिका पानाहरूमा समावेश गरिएका छन् । ती सम्मतिहरूमा अनुवादक सहायक प्राध्यापक दुर्गादत्त शर्मा भनी उल्लेख गरिएको छ । त्यतिखेर म मटिहानीको याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठमा सहायक प्राध्यापक नै थिएँ । ती सम्मतिपत्रहरूले उही समयको स्मरण दिलाउँछन्।

अनि महेन्द्र संस्कृत विश्वविद्यालयबाट प्रकाशित हुने ऋतम्भरा पत्रिकाको छैटौं अङ्क (२०५६) को ९६ पेजदेखि १०६ सम्मका पेजमा महिम्नःस्तोत्रको मूलसहितको यो पद्यानुवाद टिप्पणीसहित प्रकाशित भएको छ र त्यसमा अनुवादक सहप्राध्यापक दुर्गादत्त शर्मा लेखिएको छ । त्यसले पनि अतीतकालकै स्मरण दिलाउँछ । त्यतिखेर म वाल्मीकि विद्यापीठमा सहप्राध्यापक नै थिएँ ।

पुनश्च राजपरिषद् सचिव मदनप्रसाद अर्यालज्यूले २०६१ रक्षाबन्धन पूर्णिमामा प्रकाशित विविध शिवस्तोत्रहरू र रुद्रीसहित भएको सङ्ग्रहात्मक शिव भन्ने पुस्तकको ४२ देखि ६२ पृष्ठसम्म यी पद्यानुवाद मूलसहित राखेर प्रकाशित गर्नुभएको छ । ६२ पृष्ठको टिप्पणीमा मेरो नाम उद्धृत गरी आभार प्रकट गर्नुभएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले त्यही रचनालाई केही परिष्कार गरी मूलपद्यको अन्वय समेत राखेर टिप्पणीमा पनि केही थपथापका साथै अहिले यसमा सम्मान्य नायब बडा़गुरुज्यू माधव भट्टराईज्यूको शुभशंसासमेत संलग्न गरी स्वतन्त्ररूपमा प्रकाशन गरिएको छ । रचना गरेको ३६ वर्षपछि भए पनि यसको स्वतन्त्रप्रकाशन गर्ने अवसर पाउँदा मलाई ज्यादै खुशी लागेको छ।

अब यस कृतिको सम्बन्धमा मनीषी पाठकहरू समक्ष केही निवेदन गरौं –

समच्छन्दी अनुवाद गर्ने प्रसङ्गमा मात्रा मिलाउँदा **'अपि माषं मषं कुर्याच्छन्दो भङ्गं न कारयेत्'** भन्ने उक्तिअनुसार यहाँ कतै कतै प्रचलित नेपाली व्याकरणको नियम अतिक्रमण भएर ह्रस्वदीर्घ फरक परेको छ । कहीँ अजन्तशब्द हलन्त भएका छन् भने कहीँ संस्कृतका शब्दहरू नै यथावत् रहेका छन् । स्तोत्र काव्य भावप्रधान हुन्छ भन्ने सम्झी भावार्थतर्फ सावधानी अपनाउन पर्दा कुनै कुनै ठाउँमा अन्त्यानुप्रास मिलाउन सकिएको छैन । यी सबै कुरा छन्दोबन्धको बाध्यतावश भएका हुन् । तर मूलको आशय फरक नपरोस् भनी गरिएको प्रयत्नमा विज्ञ पाठकहरूको ध्यान अवश्यक जानेछ ।

मूलबाट पनि भावग्रहण गर्न सुगमता आओस् भन्ने विचारले पदच्छेदपूर्वक अन्वय राखिएको छ । नेपाली पद्यानुवादभित्र रहेका संस्कृत शब्दको अर्थ बुझ्न सजिलो होस् भन्ने अभिप्रायले त्यस्ता शब्दको अर्थ टिप्पणीमा दिइएको छ । कतिपय पद्यहरूमा उल्लिखित पौराणिक इतिवृत्तहरूको प्रसङ्ग सम्झन वा त्यो प्रसङ्ग अन्वेषण गर्न सजिलो होस् भन्ने उद्देश्यले त्यो स्थल उल्लेख गरेर त्यसको पनि टिप्पणी दिइएको छ । छन्दको परिचय पनि टिप्पणीमा दिइएको छ । ग्रन्थ गौरवको भयले अलङ्कारको सङ्केतमात्र गरिएको छ । विज्ञहरूले स्वयं ऊह गर्नुहुनेछ ।

यस स्तोत्रका विभिन्न विद्वान्हरूबाट लेखिएका धेरै थरी गद्यात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं पद्यात्मक नेपाली अनुवादहरू प्रकाशित भैसकेका भए पनि स्वान्तसुखाय लेखिएको यो मेरो रचनाले विचक्षण पाठकवर्गमा केही नयाँ अनुभव दिलाउन सकेमा आफ्नो प्रयास अधिक सफल भएको ठान्नेछु ।

अन्तमा यस कृतिको बारेमा महत्त्वपूर्ण सम्मति लेखिदिनुहुने समादरणीय सबै विद्वान् गुरुहरूमा ससम्मान हार्दिक कृतज्ञता ज्ञापन र तीमध्ये दिवङ्गत हुनु भैसकेका गुरुद्वय प्रा. जुननाथ पण्डित एवं प्रा. शेषराज रेग्मीप्रति हार्दिक श्रद्धाञ्जलिसमेत अर्पण गर्दछु ।

आजभन्दा बीस वर्षअघि नै यस कृतिको समग्र अवलोकन गरी गौरवपूर्ण (मेरो दृष्टिमा) सम्मति लेखिदिनुभै प्रकाशनको निमित्त हार्दिक प्रोत्साहन गर्नुहुने र अहिले पनि प्रकाशनको निमित्त भूयोभूयः प्रेरणा गर्नु हुने सतत सुरभारती सेवामा संलग्न सदा हिन्दूसंस्कृतिको उन्नयनमा दत्तचित्त विविध महत्त्वपूर्ण ग्रन्थका सम्पादक संस्कृत वाङ्मयका बहुश्रुत विद्वान् राजपरिषद् स्थायी समितिका सदस्य सम्माननीय डा. स्वामी श्रीप्रपन्नाचार्यज्यू एवं यस पुस्तकका विषयमा श्रद्धेय आदरणीय विद्वान्हरूले दुई दशकअघि नै लेखिदिनुभएका सबै सम्मतिपत्रसहित यस पुस्तकको श्रद्धापूर्वक आद्योपान्त अवलोकन गरी महत्त्वपूर्ण सारगर्भित शुभाशंभा पत्रसमेत लेखिदिनुहुने संस्कृत साहित्यका धुरीण विद्वान् सुमधुर सत्यसाई महाकाव्यका निर्माता महाकवि नायब बडागुरुज्यू प्रा.डा. श्रीमाधव भट्टराईज्यूप्रति विशेष कृतज्ञताको उपहार चढाउँछु ।

पुनश्च – यसको प्रकाशनमा कलात्मक टङ्कण गरिदिने क्वालिटी लेजर प्रिन्ट, बागबजार तथा मुद्रण प्रबन्धक गुहनाथ पौडेलज्यूप्रति भूरि भूरि धन्यवाद ज्ञापन गर्दै यसको प्रकाशनमा सहयोग गर्ने श्रीमती भगवती देवीप्रति शुभाशीर्वाद प्रदान गर्दछु ।

प्रा.डा. दुर्गादत्तशर्मा उपाध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्पदन्तको वृत्तान्त

गन्धर्वराज पुष्पदन्तका तीन जन्मको कथा – कथासरित्सागरको आरम्भमै रहेको कथापीठ लम्बकका – एकदेखि आठसम्मका तरङ्ग (अध्याय) मा निम्नअनुसार उल्लिखित छ । मगधदेशको प्रतिष्ठानपुरमा गोविन्ददत्त नामका एक ब्राह्मण थिए । उनका अत्यन्त सुन्दर देवदत्तनामका छोरा थिए । वेषभूषाले सज्जित भएको उनको सहजमनोहर रूप देख्दैमा सारा ललनाहरू लोभिन्थे । उनी एक दिन प्रतिष्ठानपुरे राजाकी छोरीका दर्बार नजीकैको बाटो हिंड्दा उनलाई देखेर रूपमा मुग्ध भएकी राजकुमारीले आफ्ना हातमा लिइरहेको लीलाकमलपुष्प दाँतले टोकेर अगाडि फ्याँकि दिइन् । त्यतिखेर त्यो ईशारा उनले बुझ्न नसके पनि पछि गएर ती दुबै दम्पती बने । उनीहरू आजन्म शिवभक्तिमा तल्लीन थिए । देहत्यागानन्तर शिवभक्तिको प्रभावले ती दुवैले गन्धर्वलोकमा जाने अवसर पाए । देवदत्तले गन्धर्वराजको पदवी पाए । उनकी सहधर्मिणी विजया पनि उनकै रानी एवं पार्वतीमाताकी सङ्गिनी बनेर रहिन् ।

"पुष्पदन्तको गन्धर्वलोकमा पनि शिवलिङ्गपूजन गर्ने नियम थियो। उनी दिनदिनै अन्तर्धान शक्तिद्वारा अदृश्य भै मर्त्यलोकका बाहुनामक राजाको फूलबारीमा गएर सुन्दर सुन्दर फूलहरू टिपेर ल्याइ शिवपूजन गर्दथे । पूजा गर्दा फूल चोरेमा पाप लाग्दैन भन्ने स्मृतिकारको उक्ति पनि छ । उता राजाको पनि दैनिक शिवपूजन गर्ने नियम थियो । पूजा गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेलामा राम्रा फूलहरू नपाएपछि मालीहरूसँग प्रश्न गर्दा कुनै अन्तर्धान शक्ति भएको व्यक्तिले रहस्यमय ढङ्गबाट दिनदिनै बगैंचाका सबै राम्रा फूलहरू चोरेर लाने गरेको बताए । राजाले फूलचोरको अन्तर्धान शक्ति लोप गर्ने युक्ति ठहऱ्याई बगैंचाभित्र प्रवेश गर्ने बाटा बाटामा शिवनिर्माल्य फूल बिल्वपत्र आदि छरिदिए । अर्को दिन बिहानै फूल चोर्न आउँदा पुष्पदन्तले बाटामा छरिएका निर्माल्यपुष्पहरू अज्ञानवश कुल्चिए । त्यसपछि उनको अन्तर्धान शक्ति हरायो । उनी पक्रिएर कैदी भए । जेलमा रहेका उनले समाहित भएर ध्यानदृष्टिले विचार गर्दा अन्तर्धान शक्ति लुप्त हुनाको कारण शिवनिर्माल्यलङ्घनरूपी अपराध रहेछ भन्ने ठहऱ्याए । त्यो शिवापराध क्षमापनको निमित्त यो स्तोत्रको रचना गरे र शिवको अनुग्रहले पुनः अन्तर्धान शक्ति पाएर बन्धनमुक्त भै गन्धर्वलोकमा गए" । यो पुष्पचौर्य कथा कथासरित्सागरमा नभए पनि शिवमहिम्नस्तोत्रभित्र रहेको अधस्तन पद्यबाट यो कुराको पुष्टि हुन्छ ।

कुसुमदशननामा सिद्धगन्धर्वराजः
शिशुशशिवरमौलेर्देवदेवस्य दासः ।
स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषात्
स्तवनमिदमकार्षीद् दिव्यदिव्यं महिम्नः ।।

पुनश्च कथासरित्सागरकै अनुसार कुनै समयमा शिवले आफ्ना दर्बारभित्र कसैलाई पस्न नदिनु भनी नन्दीलाई द्वारपाल राखी एकान्त अन्तर्गृहमा बसेर पार्वती मातालाई सात विद्याधरका कथाहरू सुनाउन लाग्नु भयो । साँझ बिहान पनि बाहिर निस्कन छाड्नु भयो, यसरी कैयौं दिनहरू बिते । शिवका अनुचरहरू मालिकको दर्शन नपाएर साह्रै आत्तिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्तिकैमा एक दिन गन्धर्वराज पुष्पदन्त पनि शिवको दर्शन गर्न आए। भित्र प्रवेश गर्न लाग्दा नन्दीले रोकिहाले। तब दर्शनको लालसाले उत्कण्ठित भएका पुष्पदन्त अणिमा शक्तिद्वारा मशक जस्तो सूक्ष्मरूप धारण गरेर आँखीझ्यालको छिद्रबाट भित्र पसी यौटा कुनामा लुकेर शिवपार्वतीको संवादका कुराहरू सुने। आश्चर्यमय घटनायुक्त विद्याधरका कथाहरू सुन्दा उनको कौतुक बढ्यो। दिनहुँ सूक्ष्मरूपमा त्यसरी जाँदै कथा सुन्दै गर्न थाले। पछि यो कुरा पार्वतीमाताले थाहा पाउनु भयो र उनलाई अनुशासन भङ्ग गरेको सजायँ स्वरूप मनुष्यचोलामा जन्मनुपर्ने शाप दिनु भयो। अनि पुष्पदन्तले आफ्नो भूल भएकोमा पार्वतीमातासँग क्षमा मागी शापमोचनका निमित्त प्रार्थना गर्दा एकान्तमा सुनेका यी सात विद्याधरका कथा विन्ध्याचलपर्वतमा रहेको काणभूति नामक यक्षलाई सुनाएपछि शापमुक्त भएर पुनः गन्धर्वलोकमा आउने छौ भनी आश्वासन दिनु भयो। त्यही शापका कारणले उनी मगधदेशको पटना नगरीमा कात्यायन गोत्रका ब्राह्मणका छोरा वररुचि भएर जन्मे। उनी एक श्रुतिधर थिए। पाणिनीय व्याकरणमा वार्तिकलेख्ने उनी नै हुन्। कात्यायन गोत्रका हुनाले वार्तिककारको रूपमा उनको कात्यायन नाम नै प्रसिद्ध छ। यी कात्यायन अथवा वररुचि नन्दराजाको प्रधानमन्त्री भएर रहेको र पछि नन्दराजाबाट तिरस्कार पाउँदा विन्ध्याचलमा आई पार्वतीमाताको आज्ञाअनुसार काणभूति यक्षलाई कथा सुनाएर शापमुक्त भै गन्धर्वलोकमा गएको कथा पनि कथासरित्सागरमा छ। पुष्पदन्तका तीन जन्मको कथाको संक्षिप्त विवरण यहाँ ग्रन्थकर्ताको परिचय प्रसङ्गमा दिइयो। विस्तृत विवरण जान्नाका निमित्त कथासरित्सागरको उक्त अंशको अध्ययन गर्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बाल शिव

योगनिद्रामुपासीनं शयित्वा व्याघ्रचर्मणि ।
बालरूपं शिवं वन्दे कोटिकन्दर्प सुन्दरम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शिवपार्वती विवाह

समर्पयन्तीं वरणस्रजं गले पश्यन्नुमां सस्मितमुत्कया दृशा ।
व्रह्मादिदेवैरभितः सुसंवृत -स्तायान्मुदं नः शिशुचन्द्रशेखरः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवपार्वती दाम्पत्य

चराचरस्य जगतो जनकावादिदम्पती ।
उमामहेश्वरौ वन्दे देवौ वागर्थरूपिणौ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवपरिवार

गणेशगुहनामानौ सुतौ यस्य महाबलौ ।
नौमि तं गिरिजाजानिं शिवमर्धेन्दुशेखरम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवमहिम्नः स्तोत्रम्

सान्वय - नेपाली-पद्यानुवादसहितम्

मूल - महिम्नः पारं ते परमविदुषो यद्यसदृशी
स्तुतिर्ब्रह्मादीनामपि तदवसन्नास्त्वयि गिरः ।
अथावाच्यः सर्वः स्वमतिपरिणामावधि गृणन्
ममाप्येष स्तोत्रे हर निरपवादः परिकरः ।।१।।[१]

अन्वयः - हे, हर! ते महिम्नः, परं पारम्, अविदुषो (जनस्य) स्तुतिः, यदि असदृशी, तत् (तर्हि) ब्रह्मादीनाम्, गिरः, अपि, त्वयि, अवसन्नाः । अथ स्वमतिपरिणामावधि गृणन्, सर्वः (अपि) अवाच्यः, (तर्हि) मम, अपि, स्तोत्रे, एष, परिकरः, निरपवादः ।।१।।

अनुवाद - **नजानी त्यो तिम्रो विभव महिमाको[२] स्तुति पनि**
अयोग्यै हो, यस्तो नियम छ त ब्रह्मादिक पनि ।
न बोलून्, साराले[३]मतिसदृश गर्छन् स्तुति भने
तयारी यो मेरो स्तुति विषयमा दूषित छ के ? ।।१।।

मूल - अतीतः पन्थानं तव च महिमा वाङ्मनसयो-
रतद्व्यावृत्त्या यं चकितमभिधत्ते श्रुतिरपि ।
स कस्य स्तोतव्यः कतिविधगुणः कस्य विषयः
पदे त्वर्वाचीने पतति न मनः कस्य न वचः ।।२।।

---

१ *१ देखि २९ पद्यसम्म शिखरिणी छन्द छ । रसै रुद्रैश्छिन्ना यमनसभलागः शिखरिणी।*

२. *तिम्रो महिमाको विभव, ऐश्वर्य (सामर्थ्य) ।*

३. *बुद्धि अनुसार ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयः - हे (भगवन्) तव महिमा, वाङ्मनसयोः, पन्थानम्, अतीतः, यम्, श्रुतिरपि, अतद्व्यावृत्त्या चकितम्, (यथास्यात्तथा) अभिधत्ते । स, (निर्गुणनिराकारः सगुणनिराकारश्च) कस्य, स्तोतव्यः?, कतिविध गुणः? कस्य विषयः? (न कस्यापि) अर्वाचीने, पदे (सगुण-साकारे तु) तु, कस्य मनः, वचश्च न पतति ? (अपि तु सर्वेषामेव) ।।२।।

अनुवाद – **महत्ता त्यो तिम्रो मन वचनले गम्य नहुँदा**
डराएरै बोल्छन् 'न इति, न इदं'[४] यो श्रुति जहाँ ।
वखान्ने को सक्ने ? बहुगुण निराकार सगुण
सबैको हृद्वाणी विषय तनु साकार सगुण ।।२।।

---

४. *निर्गुण निराकार ब्रह्म यही हो भनी स्वरूप निर्धारण गर्न नसकिने हुनाले वेदहरू पनि डराइ डराई अतद्व्यावृत्तिद्वारा प्रतिपादन गर्दछन् । जस्तै –* **पाञ्चभौतिकं शरीरं नेति, मनो नेदम्, बुद्धिर्नेयम्** *इत्यादि । यसरी न इति न इदं भनेर समस्त प्रपञ्चको निषेध गर्दै जाँदा जो अवशेष रहन्छ त्यही निर्गुण ब्रह्म हो भनेर प्रतिपादन गर्नुलाई अतद्व्यावृत्ति भनिन्छ । शिवपुराण वायवीयसंहिता उत्तर भागको छैटौं अध्यायमा यही अतद्व्यावृत्तिद्वारा निर्गुण निराकार शिवको स्वरूप प्रतिपादन गरिएको छ । निर्गुण निराकार ब्रह्म अनिर्वचनीय छ । उसको स्वरूप साक्षात् मन र वाणीले प्रतिपादन गर्नै सकिन्न ।*

अब अर्को सगुण निराकार जो श्रीमद्भगवद्गीतामा **कविं पुराणमनुशासितारम्** *इत्यादि श्लोकमा बताइएको छ । त्यो पनि अचिन्त्यस्वरूप छ । स्वरूप निर्धारण गर्न सकिंदैन । अनन्तगुणसम्पन्न हुनाले उसका गुणहरूको वर्णन मन र वचनले गरेर सकिंदैन । यसरी ईश्वरका निर्गुण निराकार र सगुण निराकार दुवैको स्तुति गर्नै सकिन्न। तेस्रो सगुण साकार जो श्रीमद्भगवद्गीतामा* **परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्** *इत्यादि श्लोकहरूमा वर्णन गरिएको छ। त्यो सगुण ब्रह्म सज्जनको रक्षा र दुर्जनको विनाश गरेर धर्मस्थापन गर्नका निमित्त शिव, शक्ति, राम, कृष्ण आदिको रूपमा प्रकट हुन्छ । त्यही अर्वाचीन पदमा अवतीर्ण भएका ईश्वरको सगुण साकार स्वरूपमात्र मन र वचनको विषय छ। त्यसको पनि समग्ररूपमा वर्णन गर्न सकिन्न। तर* **नभः पतन्त्यात्मसमं पतत्त्रिणः** *यो सूक्ति स्मरण गर्दै भक्तहरूले आफ्ना बुद्धिअनुसार त्यही सगुणसाकारको स्तुति गर्दछन् भन्ने श्लोकको तात्पर्य हो । यहाँ ईश्वरका निर्गुण निराकार, सगुण निराकार, सगुण साकार स्वरूपको वर्णन पुष्पदन्तले गरेका हुन् भन्ने कुरा मधुसूदन सरस्वतीले टीकामा लेख्नुभएको छ । ईश्वरका यी तीन रूपको विवेचन जयदयाल गोयन्दकाकृत श्रीमद्भगवद्गीता तत्त्वविवेचनी टीकाको भूमिका आदिबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल- मधुस्फीता वाचः परमममृतं निर्मितवत-
स्तव ब्रह्मन् किं वागपि सुरगुरोर्विस्मयपदम् ।
मम त्वेतां वाणीं गुणकथनपुण्येन भवतः
पुनामीत्यर्थेऽस्मिन् पुरमथन ! बुद्धिर्व्यवसिता ।।३।।

अन्वयः - हे भगवन्, परमम्, अमृतम्, मधुस्फीताः, वाचः, निर्मितवतः, तव, सुरगुरोः, वाक्, अपि किं विस्मयपदम् ? (अपि तु न) । हे पुरमथन ! भवतः, गुणकथनपुण्येन, एताम्, वाणीम्, पुनामि, इति, तु, मम, अस्मिन्, अर्थे, बुद्धिः, व्यवसिता ।।३।।

अनुवाद - **महै जस्तां मीठा अमृतमय[५] वाणी रचयिता**
तिमीलाई, लाग्लान् सुरगुरुगिरा[६] नै पनि फिका ।
म ता वाणी तिम्रा गुणकथनले पावन गरूँ
यही सोची शम्भो स्तुतिविषयमा उद्यत भएँ ।।३।।[७]

मूल- तवैश्वर्यं यत्तज्जगदुदयरक्षाप्रलयकृत्
त्रयीवस्तु व्यस्तं तिसृषु गुणभिन्नासु तनुषु ।
अभव्यानामस्मिन् वरद ! रमणीयामरमणीं
विहन्तुं व्याक्रोशीं विदधत इहैके जडधियः ।।४।।

अन्वयः - हे वरद !, तिसृषु, गुणभिन्नासु, तनुषु, व्यस्तम्, जगदुदयरक्षाप्रलयकृत्, त्रयीवस्तु, यत्, तव, ऐश्वर्यम्, तत्, विहन्तुम्, एके, जडधियः, अस्मिन् (लोके), अभव्यानाम्, रमणीयाम्, (वस्तुतस्तु विदुषाम्) अरमणीम्, व्याक्रोशीम्, इह, विदधते ।।४।।

---

५. *वेदवाणी रचना गर्ने ।*

६. *बृहस्पतिका वाणीहरू ।*

७. *यस पद्यमा उल्लिखित भगवान् शङ्करले वेद रचना गरेको कुरा शिवपुराण रुद्रसंहिता सृष्टिखण्डको नवम अध्यायमा छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद- **जगत्को यो सृष्टि स्थिति[८] विलय[९] गर्ने सुमहिमा**
छ तिम्रो वेदोक्त[१०] त्रिगुणमय[११] जो तीन तनुमा[१२]
कुरा काट्छन् कोही जडमति[१३] यसैमा मनपरी
जँची राम्रो सुन्छन् कुजनहरू सोही घरि घरी ।।४।।[१४]

मूल – किमीहः किंकायः स खलु किमुपायस्त्रिभुवनं
किमाधारो धाता सृजति किमुपादान इति च ।
अतर्क्यैश्वर्ये त्वय्यनवसरदुःस्थो हतधियः
कुतर्कोऽयं कांश्चिन्मुखरयति मोहाय जगतः ।।५।।

अन्वयः - (हे वरद!) स, धाता, किमीहः, किंकायः, किमुपायः, किमाधारः, किमुपादानश्च, त्रिभुवनम्, सृजति, खलु ? इति अतर्क्यैश्वर्ये, त्वयि अनवसरदुःस्थः, अयम्, कुतर्कः, काँश्चित्, हतधियः (जनान्) जगतो, मोहाय, मुखरयति ।।५।।

अनुवाद – **गरी कस्तो चेष्टा, कुन तनु[१५], उपादान[१६] कुन ली**
[१७]उपायै के ?, काहाँ बसि भुवन[१८] यो रच्छ कसरी ।

---

८. *पालन ।*
९. *संहार ।*
१०. *वेदमा भनिएको ।*
११. *सत्त्व, रजस्, तमस् यी तीन गुण ।*
१२. *ब्रह्मा, विष्णु, महेश्वर रूप तीन शरीर ।*
१३. *मूढबुद्धि ।*
१४. *भगवान् शङ्करबाट नै ब्रह्मा, विष्णु र रुद्रको उत्पत्ति र शङ्करको ईच्छाअनुसार जगत्को सृष्टि, स्थिति, प्रलय हुन्छ भन्ने कुरा शिवपुराण रुद्रसंहिता, सृष्टि खण्डको नवम अध्यायमा छ ।*
१५. *शरीर ।*
१६. *उपादानकारण (घडाको निम्ति माटो र कुण्डलको निम्ति सुन जस्तै) ।*
१७. *सामग्री ।*
१८. *जगत् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधाताले यस्तो जडमति असत्तर्क[१९] गरदै
अचिन्त्यात्मा[२०] तिम्रो नबुझी महिमा बोल्छ सहजै ।।५।।

मूल– अजन्मानो लोकाः किमवयववन्तोऽपि जगता–
मधिष्ठातारं किं भवविधिरनादृत्य भवति ।
अनीशो वा कुर्याद् भुवनजनने कः परिकरो
यतो मन्दास्त्वां प्रत्यमरवर संशेरत इमे ।।६।।

अन्वयः – हे अमरवर ! अवयववन्तः, अपि, लोकाः, अजन्मानः, किम् ? जगताम्, अधिष्ठातारम्, (भवन्तम्) अनादृत्य, भवविधिः, भवति, किम् ?, (अपि तु न) वा अनीशः (कश्चित्) कुर्यात्, भुवनजनने, तस्य, कः, परिकरः, यतः, इमे, मन्दाः, त्वाम्, प्रति, संशेरते ।।६।।

अनुवाद – **[२१]अजन्मा के होलान् अवयव[२२] हुने लोक सब यी**
विना सत्ता तिम्रो भुवन रचना हुन्छ कसरी ।
लिई सामग्री के ? कुन तिमी विना सृष्टि गरने ?
अहो! शङ्का गर्छन् शिव! शिव ! तिमीमा कुमतिले ।।६।।

मूल– त्रयी साङ्ख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ।
रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ।।७।।[२३]

---

१९. *खराब तर्क ।*

२०. *अचिन्तनीय शक्ति भएका ।*

२१. *स्वतः सिद्ध ।*

२२. *अवयव भएको वस्तु, जसलाई टुक्र्याउँदै लान सकिन्छ, त्यो अनित्य हुन्छ र जन्य पनि हुन्छ, जो निरवयव छ त्यो जन्य हुँदैन र नित्य पनि हुन्छ जस्तै परमाणु (नैयायिक सिद्धान्तमा) ।*

२३. *यस पद्यमा उपमा अलङ्कार छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयः - त्रयी, साङ्ख्यम्, योगः, पशुपतिमतम्, वैष्णवम्, इति प्रभिन्ने प्रस्थाने (सम्प्रदाये), इदम् परम्, अदः पथ्यम् इति च, रुचीनाम् वैचित्र्यात्, ऋजुकुटिलनानापथजुषां नृणाम्, (ऋजुकुटिलनानापथजुषाम्) पयसाम्, अर्णव, इव, त्वम्, एकः, गम्यः, असि ।।७।।

अनुवाद - **[२४]त्रयी साङ्ख्यै योगै शिवमत[२५] कहीं वैष्णव अनि**
अनेकौं बाटामा असल छ यही ठीक छ भनी ।
रुचाएको हिंड्दै कुटिल र सिधा मार्ग सब यी
तिमीमा गै मिल्छन् जल जलधिमा मिल्छ जसरी ।।७।।

मूल - महोक्षः खट्वाङ्गं परशुरजिनं भस्म फणिनः
कपालं चेतीयत्तव वरद तन्त्रोपकरणम् ।
सुरास्तां तामृद्धिं दधति तु भवद्भ्रूप्रणिहितां
नहि स्वात्मारामं विषयमृगतृष्णा भ्रमयति ।।८।।[२६]

अन्वयः - हे वरद! महोक्षः, खट्वाङ्गम्, परशुः, अजिनम्, भस्म, फणिनः, कपालम्, च इति, इयत्, तव, [२७]तन्त्रोपकरणम्, (प्रधानसामग्री) सुरास्तु, भवद्भ्रूप्रणिहिताम्, ताम्, ताम्, ऋद्धिम्, दधति । हि विषयमृगतृष्णा स्वात्मारामं न भ्रमयति ।।८।।

अनुवाद - **यिनै सामग्री छन् तिमीसँग, प्रभो भस्म भुजग[२८]**
बुढो गोरु फर्सा[२९] अजिन[३०] अनि खट्वाङ्ग[३१] खपर ।

---

२४. *वेद ।*
२५. *पाशुपतमत ।*
२६. *यहाँ अर्थान्तर न्यास अलङ्कार छ ।*
२७. *'तन्त्रं प्रधाने सिद्धान्ते सूत्रवाये परिच्छदे' इत्यमरः ।*
२८. *सर्प ।*
२९. *बञ्चरो ।*
३०. *मृगचर्म ।*
३१. *खाटको खुट्टा ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै द्यौता लाई विभव सब दिन्छौ पशुपते
तिमी आत्मानन्दी विषय सुखमा मुग्ध नहुने ।।८।।

मूल- ध्रुवं कश्चित्सर्वं सकलमपरस्त्वध्रुवमिदं
परो ध्रौव्याध्रौव्ये जगति गदति व्यस्तविषये ।
समस्तेऽप्येतस्मिन्पुरमथन तैर्विस्मित इव
स्तुवञ्जिह्रेमि त्वां न खलु ननु धृष्टा मुखरता ।।९।।[३२]

अन्वयः - हे पुरमथन कश्चित् इदं सर्वं जगत् ध्रुवं गदति, अपरस्तु सकलम् जगत् अध्रुवम् (गदति) परः समस्ते, अपि, एतस्मिन्, जगति, ध्रौव्याध्रौव्ये, व्यस्तविषये (इति गदति), तैः, विस्मित इव, त्वां स्तुवन् न जिह्रेमि खलु । ननु मुखरता धृष्टा (एव भवति) ।।९।।

अनुवाद - **असत् भन्छन् कोही[३३]भुवन सब, सत् भन्दछ कुनै[३४]**
असत् सत्का बेग्लै विषय सब छन् भन्दछ कुनै[३५] ।
परें आश्चर्यैमा स्तुतिविषयमा लज्जित बनी
नबोल्नै पर्ने हो ढिट[३६] छ तर वाचालपन[३७] यो ।।९।।

मूल- तवैश्वर्यं यत्नाद्यदुपरि विरिञ्चो हरिरधः
परिच्छेत्तुं यातावनलमनलस्कन्धवपुषः ।

---

३२. *यहाँ पनि अर्थान्तरन्यास अलङ्कार छ ।*
३३. *बौद्धहरू जगत् असत्य र क्षणिक मान्दछन् ।*
३४. *साङ्ख्यशास्त्रीहरू जगत् सृष्टिको समयमा विकास हुने र प्रलयको समयमा सङ्कोच हुने हुनाले सत्य हो भन्दछन् ।*
३५. *नैयायिकहरू आकाश, काल, दिशा, आत्मा, मन र पृथिवी, जल, तेज, वायुका परमाणु नित्य छन् । कार्यद्रव्य सबै अनित्य हुन् भन्दछन् । ईश्वरले तिनै अनित्यद्रव्यहरूको उत्पत्ति र विनाश गर्दछन् र अरू केही गर्न सक्दैनन् भन्दछन् ।*
३६. *ढिटो (धृष्ट) ।*
३७. *बकबकेपन ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो भक्तिश्रद्धाभरगुरुगृणद्भ्यां गिरिश यत्
स्वयं तस्थे ताभ्यां तव किमनुवृत्तिर्न फलति ।।१०।।[३८]

अन्वयः - हे गिरिश ! अनलस्कन्धवपुषः, तव, ऐश्वर्यम् परिच्छेत्तुम्, उपरि विरिञ्चिः, अधः, विष्णुः, यत्नाद् यातौ (परन्तु) अनलम् (नालम्), ततः, भक्तिश्रद्धाभरगुरु (यथा स्यात्तथा) गृणद्भ्यां (ताभ्यां) यत्, स्वयं, तस्थे । तव अनुवृत्तिः, न फलति किम् ? (फलत्येव) ।।१०।।

अनुवाद- **प्रभो तिम्रो ज्योतिर्मयतनु[३९] इयत्ता लिन[४०] जब**
गए स्त्रष्टा[४१] माथी जगदवनकर्ता[४२] हरि तल ।
बिताई धेरै नै दिन नसकि फर्के स्तुति गरे
भयौ साक्षात् तिम्रो अनुसरण हुन्थ्यो विफल के ?[४३] ।।१०।।

मूल- अयत्नादापाद्य त्रिभुवनमवैरव्यतिकरं
दशास्यो यद्बाहूनभृत रणकण्डूपरवशान् ।
शिरःपद्मश्रेणीरचितचरणाम्भोरुहबलेः
स्थिरायास्त्वद्भक्तेस्त्रिपुरहर विस्फूर्जितमिदम् ।।११।।[४४]

---

३८. *यस पद्यमा अर्थान्तरन्यास अलङ्कार छ। स्कन्दपुराण माहेश्वरखण्डअन्तर्गत कौमारिका खण्ड ३३ अध्यायको बीसौं पद्य 'न यस्यालमपि ब्रह्मा' इत्यादिमा र यो 'तवैश्वर्यं यत्नात्' इत्यादि पद्यमा पदविन्यासको समानता देखिन्छ ।*

३९. *प्रकाशमय शरीर (ज्योतिर्मय शिव लिङ्ग) ।*

४०. *आदि अन्त थाहा पाउन ।*

४१. *ब्रह्मा आकाशतर्फ ।*

४२. *जगत्पालक विष्णु पातालतर्फ ।*

४३. *परस्परमा 'तँ ठूलो कि म ठूलो' भन्दै झगडा गर्ने ब्रह्मा र विष्णुको समक्ष शिवलिङ्गको उत्पत्ति र जसले यो शिवलिङ्गको आदि अन्त भेट्टाउन समर्थ छ, उही ठूलो भन्ने आकाशवाणीअनुसार ब्रह्मा आकाशतिर र विष्णु पातालतिर गए । शिवलिङ्गको अन्त नपाई विष्णु फर्केर उही ठाउँमा आई स्तुति गरे - इत्यादि कथा शिवपुराण विद्येश्वर संहिताको सातौ अध्यायमा र स्कन्द पुराण माहेश्वर खण्डको छैटौं अध्यायमा, अनि अरुणाचलमाहात्म्यको प्रथम, द्वितीय अध्यायमा पनि छ।*

४४. *यहाँ अनुमान अलङ्कार छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयः - हे त्रिपुरहर ! दशास्यः, यद् अयत्नात्, त्रिभुवनम्, अवैरव्यतिकरम्, आपाद्य रणकण्डूपरवशान् बाहून् अभृत । इदम्, शिरःपद्मश्रेणीरचित-चरणाम्भोरुहबलेः, स्थिरायाः, त्वद्भक्तेः, विस्फूर्जितम् ।।११।।

अनुवाद - **अनायासै[४५] लोकत्रयजय गरी त्यो दशमुख[४६]**
भुजा बीसै धर्ने सतत रणकण्डूपरवश ।[४७]
भयो जो, यो तिम्रा पदकमलमा[४८] शीर्षकमल
टिपी अर्पेको[४९] नै स्थिरभजनको[५०] हो शुभफल ।।११।।

मूल- अमुष्य त्वत्सेवासमधिगतसारं भुजवनं
बलात् कैलासेऽपि त्वदधिवसतौ विक्रमयतः ।
अलभ्या पातालेऽप्यलसचलिताङ्गुष्ठशिरसि
प्रतिष्ठा त्वय्यासीद् ध्रुवमुपचितो मुह्यति खलः ।।१२।।[५१]

अन्वयः - हे त्रिपुरहर ! त्वत्सेवासमधिगतसारम्, भुजवनम्, कैलासे, अपि बलात्, विक्रमयतः, अमुष्य (रावणस्य) प्रतिष्ठा, त्वयि, अलसचलिताङ्गुष्ठ-शिरसि (सति) पाताले, अपि, अलभ्या, आसीत् । खलः उपचितः (सन्) ध्रुवम् मुह्यति ।।१२।।

अनुवाद - **गरी तिम्रै सेवा अमितवल[५२] पाई भुजवल[५३]**
लगायो कैलासाचल तिर उठाऊँ भनि जब ।

---

४५. *सजिलैसँग ।*
४६. *रावण ।*
४७. *रणकण्डू= युद्धको चिलाई (युद्धको इच्छा) को परवश = पराधीन, अर्थात् लडाइँ गर्न खोजिरहने ।*
४८. *चरणकमलमा ।*
४९. *शिररूपी कमलका फूल टिपेर चढाएको ।*
५०. *अचल भक्ति ।*
५१. *यस पद्यमा परिकर एवं अर्थान्तरन्यास अलङ्कार छ ।*
५२. *अतुलनीय ।*
५३. *बाहुबल ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अँगूठाको हल्का प्रहरण गऱ्यौ त्यो तल तल
पुग्यो, मत्तै हुन्छन् विभव जति पायो उति खल[५४] ।।[५५]

मूल – यदृद्धिं सुत्राम्णो वरद परमोच्चैरपि सती-
मधश्चक्रे बाणः परिजनविधेयत्रिभुवनः ।
न तच्चित्रं तस्मिन् वरिवसितरि त्वच्चरणयो-
र्न कस्या उन्नत्यै भवति शिरसस्त्वय्यवनतिः ।।१३।।[५६]

अन्वयः – हे वरद ! परिजनविधेयत्रिभुवनः, बाणः, परमोच्चैः, सतीमपि सुत्राम्णः, ऋद्धिम्, यत्, अधश्चक्रे । त्वच्चरणयोः, वरिवसितरि, तस्मिन्, तत्, न चित्रम् । त्वयि, शिरस, अवनतिः, कस्यै, उन्नत्यै न भवति ? (अपि तु सर्वस्यै, उन्नत्यै भवति) ।।१३।।

अनुवाद – **[५७]सुरेन्द्रैको त्यत्रो विभव पनि होचो गरिदियो**
त्रिलोकी[५८] नै बाणासुर चरणको किङ्कर[५९] बन्यो ।
विचित्रै के यो ? त्यो प्रभुचरणसेवी जन थियो[६०]
नुहायो जो शीर्ष प्रभुकन उही उन्नत भयो ।।१३।।[६१]

---

५४. *मूर्खहरू जति सम्पत्ति पायो उति मत्त हुन्छन् ।*

५५. *११-१२ पद्यमा उल्लिखित रावणले भगवान् शिवलाई आफ्ना शिर काटेर पूजा गरेको कथा र कैलाश पर्वत उचालेको कथा पनि शिवपुराण, कोटिरुद्र संहिताको अठ्ठाइसौं अध्यायमा छ।*

५६. *शिर नुहाउँदा जब उच्च हुन्छ तब विपरीत फलप्रद कार्य भएकोले यहाँ विचित्रालङ्कार सङ्कीर्ण एवं अर्थान्तरन्यास अलङ्कार छ।*

५७. *इन्द्रको वैभवलाई होचो गऱ्यो, इन्द्रभन्दा अधिक ऐश्वर्यशाली बन्यो ।*

५८. *तीनै लोक बाणासुरको चरणसेवक बन्यो ।*

५९. *सेवक ।*

६०. *यसमा केही आश्चर्य छैन किनकि प्रभुका चरणको सेवा गर्ने व्यक्ति थियो ।*

६१. *यो बाणासुरको कथा श्रीमद्भागवत् दशमस्कन्धको ६२-६३ अध्यायमा र शिवपुराण, रुद्रसंहिता युद्ध खण्डको ५१ अध्यायदेखि ५६ अध्यायसम्म विस्तृतरूपमा वर्णित छ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गरलपान (पद्य १४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामदहन (पद्य १५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल- अकाण्डब्रह्माण्डक्षयचकितदेवासुरकृपा -
विधेयस्यासीद्यस्त्रिनयन विषं संहृतवतः ।
स कल्माषः कण्ठे तव न कुरुते न श्रियमहो
विकारोऽपि श्लाघ्यो भुवनभयभङ्गव्यसनिनः ॥१४॥[६२]

अन्वयः - हे त्रिनयन, अकाण्डब्रह्माण्डक्षयचकितदेवासुरकृपाविधेयस्य, विषम्, संहृतवतः, तव, यः कल्माषः, कण्ठे, आसीत् । स श्रियम् न कुरुते इति न (अपि तु कुरुत एव) अहो ! भुवनभयभङ्गव्यसनिनः, विकारः, अपि, श्लाघ्यः ॥१४॥

अनुवाद - **विनामौकै सारा भुवन हुन आँट्यो लय भनी**
डराए ती देवासुर जब, दयाले विष पनि ।
पियौ ग्रीवा[६३] नीलो विषहत[६४] अझै सुन्दर भयो
हुने दागी[६५] राम्रै भुवन भयहारी सुजनको[६६] ॥१४॥[६७]

मूल- असिद्धार्था नैव क्वचिदपि सदेवासुरनरे
निवर्तन्ते नित्यं जगति जयिनो यस्य विशिखाः ।
स पश्यन्नीश त्वामितरसुरसाधारणमभूत्
स्मरः स्मर्तव्यात्मा नहि वशिषु पथ्यः परिभवः ॥१५॥[६८]

---

६२. *यस पद्यमा पनि अर्थान्तरन्यास अलङ्कार छ । अनि स्कन्दपुराण माहेश्वरखण्डान्तर्गत कौमारिकाखण्ड ३३ अध्यायको २१ सौं पद्य 'अकाण्डे यश्च ब्रह्माण्ड' इत्यादि पद्यमा रहेको पदावलि र यो 'अकाण्डब्रह्माण्ड' इत्यादि पद्यमा रहेको पदावलिमा समानता देखिन्छ ।*

६३. *घाँटी ।*

६४. *विषले पोलेको । विषले पोलेर घाँटी नीलो भएकोले नीलकण्ठ भन्ने शिवको नाम छ ।*

६५. *कलङ्क ।*

६६. *सज्जन (जगत्को भयहरण गर्ने सज्जनको कुनै काम गर्दा चोट अथवा खोट लागे पनि राम्रै हुन्छ भन्ने अन्तिम चरणको भावार्थ हो)। यहाँ अर्थान्तरन्यास अलङ्कार छ ।*

६७. *शिवले विषपान गरेको कथा श्रीमद्भागवत अष्टमस्कन्दको सातौं आठौं अध्यायमा र स्कन्दपुराण माहेश्वरखण्डको नवम-दशम अध्यायमा छ ।*

६८. *यस पद्यमा पनि अर्थान्तरन्यास अलङ्कार छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयः - हे ईश नित्यम्, जयिनः, यस्य, विशिखाः, सदेवासुरनरे, जगति, असिद्धार्थाः, नैव, निवर्तन्ते स, स्मरः, त्वाम्, इतरसुरसाधारणम्, पश्यन्, स्मर्तव्यात्मा अभूत् । हि वशिषु, परिभवः, पथ्यो, न ॥१५॥

अनुवाद - **कहीं व्यर्थै हुन्नन् विशिख जसका देवदनुज-**
मनुष्यैमा[६९], सारा भुवन विजयी सो मनसिज[७०] ।
तिमीलाई ताक्दा झटपट खरानी हुनगयो
[७१]कहाँ होला हेला विषय विजयीमा हित अहो ! ॥१५॥[७२]

मूल- महीं पादाघाताद् व्रजति सहसा संशयपदं
पदं विष्णोर्भ्राम्यद्भुजपरिघरुग्णग्रहगणम् ।
मुहुर्द्यौर्दौस्थ्यं यात्यनिभृतजटाताडिततटा
जगद्रक्षायै त्वं नटसि ननु वामैव विभुता ॥१६॥

अन्वयः - हे ईश ! त्वं (यदा) जगद्रक्षायै नटसि (किन्तु तस्मिन् नाट्ये), मही, पादाघातात् सहसा, संशयपदम्, ब्रजति । विष्णोः पदम्, (अन्तरिक्षम्) भ्राम्यद्भुजपरिरुग्णग्रहगणं (भवति) । अनिभृतजटाताडिततटा, द्यौः, मुहुः, दौस्थ्यम्, याति । ननु विभुता वामा एव ॥१६॥

अनुवाद - **धरा ढल्पल् हुन्छिन् चरणतलको चोट चलदा[७३]**
घुमेको बाहूले ग्रहगण गुडिन्छन् गगनमा ।[७४]

---

६९. *जसका विशिख (बाण) देवता, दानव र मनुष्य कहीँ पनि व्यर्थ हुन्नन् ।*
७०. *सोही कामदेव ।*
७१. *जितेन्द्रिय व्यक्तिलाई अपमान गर्दा कल्याण हुँदैन। यहाँ पनि अर्थान्तरन्यास छ ।*
७२. *यो कामदहन कथा शिवपुराण रुद्रसंहिता, सती खण्डको १९ औं अध्यायमा र स्कन्दपुराण माहेश्वरखण्डको २१औं अध्यायमा पनि छ। कालिदास महाकविले कुमारसम्भव महाकाव्यमा कामदहन, रतिविलाप आदि कथा आलङ्कारिक ढाँचामा प्रस्तुत गरेका छन् ।*
७३. *पैतालाको चोट लाग्दा पृथ्वी ढलपलाउँछिन् ।*
७४. *हातहरू आकाशमा घुम्दा ग्रहहरू यता-उता गुड्छन् ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताण्डवनृत्य (पद्य १६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ACC. 403/503

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जटाको झट्काले त्रिदिवतट झट्किन्छ[७५] भगवन् !
हितै सोची नाच्छौ[७६] तर भयद तिम्रो छ विभुता[७७] ।।१६।।[७८]

मूल- वियद्व्यापी तारागणगुणितफेनोद्गमरुचिः
प्रवाहो वारां यः पृषतलघुदृष्टः शिरसि ते ।
जगद् द्वीपाकारं जलधिवलयं तेनकृतमि -
त्यनेनैवोन्नेयं धृतमहिम दिव्यं तव वपुः ।।१७।।[७९]

अन्वयः - हे भगवन् !, वियद्व्यापी, तारागणगुणितफेनोद्गमरुचिः, यः, वारां प्रवाहः, (स) ते, शिरसि, पृषतलघुदृष्टः । तेन, जलधिवलयम्, जगत्, द्वीपाकारम्, कृतम् इति, धृतमहिम, दिव्यम्, तव वपुः, अनेनैव (हेतुना) उन्नेयम् ।।१७।।

अनुवाद - **वियद्व्यापी[८०] तारागण[८१] त जसका फेनतति[८२] छन्**
शिरैमा ती गङ्गा बुँद सम विलाएर रहिछन् ।

---

७५. *स्वर्गको किनारा हल्लिन्छ ।*
७६. *जगत्को कल्याणका निमित्त ताण्डवनृत्य गर्नुहुन्छ ।*
७७. *महत्ता ।*
७८. *यो ताण्डवनृत्य कथा स्कन्दपुराण नागरखण्डको २५४ औं अध्यायमा वर्णित छ । त्यहाँ शिवले पार्वतीलाई खुशी गराउन ताण्डवनृत्य गर्नुभएको भनिएको छ । मधुसूदनी टीकामा 'जगद्रक्षायै त्वं नटसि' यस वाक्यांशको व्याख्या गर्दा - 'सन्ध्यायां जगन्ति जिघांसन्तं वरलब्धतत्कालवलं महाराक्षसं निजताण्डवेन मोहयसीत्यर्थः' (वरदानले सन्ध्याकालिक बल पाएको, सन्ध्यामा जगत्लाई विनाश गर्न चाहने महाराक्षसलाई आफ्नो ताण्डवनृत्यद्वारा मोहित गराउनुहुन्छ भनिएको छ ।)*
७९. *यस पद्यमा अनुमान अलङ्कार छ । स्कन्दपुराण माहेश्वरखण्डस्थ कौमारिका खण्ड ३३ अध्यायको २३ औं पद्य 'वियद् व्यापी सुरसरित्प्रवाहः' इत्यादिमा र यस पद्यमा पनि पदविन्यासको समानता देखिन्छ ।*
८०. *आकाश ढाक्ने ।*
८१. *तारासमूह ।*
८२. *फीँजको पङ्क्ति ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनैको हो सारा [८३]जलधिपरिखा यो जगतको
विभो सम्झे तिम्रो परममहिमा दिव्य[८४] तनुको ।।१७।।[८५]

मूल- रथः क्षोणी यन्ता शतधृतिरगेन्द्रो धनुरथो
रथाङ्गे चन्द्रार्कौ रथचरणपाणिः शर इति ।
दिधक्षोस्ते कोऽयं त्रिपुरतृणमाडम्बरविधि-
र्विधेयैः क्रीडन्त्यो न खलु परतन्त्राः प्रभुधियः ।।१८।।[८६]

अन्वयः - (हे इशा) त्रिपुरतृणम्, दिधक्षोः, तव, क्षोणी रथः, शतधृतिः (ब्रह्मा) यन्ता, अगेन्द्रः धनुः, अथो चन्द्रार्कौ, रथाङ्गे, शरः रथचरणपाणिः, इति, कः, अयम्, आडम्बरविधिः, खलु, विधेयैः, क्रीडन्त्यः, प्रभुधियः, न, परतन्त्राः ।।१८।।

अनुवाद- **[८७]रथै पृथ्वी, हाँक्ने विधि[८८], अनि धनुष् मेरु[८९] अचल,**
रथैका चक्काछन् विधु[९०] रवि[९१] र नारायण शर[९२]

---

८३. *समुद्रको घेरा ।*

८४. *दिव्य शरीर (विराड्रूप) ।*

८५. *गङ्गावतरणकथा श्रीमद्भागवत नवमस्कन्धको अष्टम-नवम अध्यायमा छ । स्कन्दपुराण काशीखण्ड २७-२८ अध्यायमा गङ्गाको महिमा विस्तारपूर्वक वर्णन गरिएको छ ।*

८६. *यस पद्यमा परिणाम अथवा रूपक र उदात्त अलङ्कार छ ।*

८७. *त्रिपुरासुर संहार गर्दा शिवको युद्ध सामग्री पृथ्वी रथ, सारथि ब्रह्मा, सुमेरुको धनु, रथका पाङ्ग्रा सूर्य-चन्द्र र भगवान् नारायण नै बाण भएका थिए भन्ने कुरा यहाँ वर्णन गरिएको छ । स्कन्दपुराण कौमारिकाखण्डको ३३ औं अध्यायको २५ औं पद्य 'क्षोणी रथो धनुर्मेरुः' इत्यादिसँग 'रथः क्षोणी यन्ता' यस पद्यको पनि समानता देखिन्छ ।*

८८. *ब्रह्मा ।*

८९. *सुमेरु पर्वत ।*

९०. *चन्द्र ।*

९१. *सूर्य ।*

९२. *बाण ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झिक्यौ ढाँचा के यो ? [९३]त्रिपुरतृणको गर्न दहन
अहो खेला गर्छन् अनुचर जुटाई प्रभुजन ।।[९४]

मूल- हरिस्ते साहस्त्रं कमलबलिमाधाय पदयो-
र्यदेकोने तस्मिन्निजमुदहरन्नेत्रकमलम् ।
गतो भक्त्युद्रेकः परिणतिमसौ चक्रवपुषा
त्रयाणां रक्षायै त्रिपुरहर जागर्ति जगताम् ।।१९।।[९५]

अन्वयः - हे त्रिपुरहर !, हरिः, ते, पदयोः, साहस्त्रम्, कमलबलिम्, आधाय तस्मिन् एकोने (सति) यत्, निजम्, नेत्रकमलम्, उदहरत्, असौ, भक्त्युद्रेकः, चक्रवपुषा, परिणतिम्, गतः, (सन्) त्रयाणाम्, जगताम्, रक्षायै, जागर्ति ।।१९।।

अनुवाद - **लिई हज्जारै जो कमल हरिले[९६] पाउकमल**
थिए पूज्दै यौटा कमल कम भो नेत्रकमल[९७] ।
झिकी अर्पे श्रद्धा परिणत भयो [९८]चक्रतनुमा
जगद्रक्षा निम्ति प्रतिपल[९९] छ जो विष्णु-करमा[१००] ।।[१०१]

---

९३. *त्रिपुरासुररूपी तृण जलाउन ।*
९४. *यो त्रिपुरदहन कथा शिवपुराण, रुद्रसंहिता, युद्धखण्डको दशौं अध्यायमा छ ।*
९५. *यस पद्यमा रूपक र परिणाम अलङ्कार छ।*
९६. *विष्णुले हजार कमल लिएर पूजा गर्दै थिए ।*
९७. *आँखा रूपी कमल ।*
९८. *चक्रको शरीरमा (चक्ररूपमा) ।*
९९. *निरन्तर ।*
१००. *विष्णुका हातमा ।*
१०१. *विष्णुले शिवजीलाई सहस्रनाम स्तोत्रका प्रत्येक नामले एक-एक कमल चढाउँदै हजार कमल अर्पण गर्ने सङ्कल्प गरेर पूजा गर्न लागेकोमा शिवले विष्णुको भक्ति परीक्षा गर्न एउटा कमल लुकाइदिनु भयो । पूजा गर्दै जाँदा एक कमल कम भएको देखी विष्णुले विचार गरे - 'कमलको फूल ल्याउन गरुडलाई बोलाउँ - मौनव्रत भङ्ग हुन्छ, आफै उठेर फूल टिप्न जाँदा आसन भङ्ग हुन्छ, त्यत्तिकै छोड्दा सङ्कल्प*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल- क्रतौ सुप्ते जाग्रत् त्वमसि फलयोगे क्रतुमतां
क्व कर्म प्रध्वस्तं फलति पुरुषाराधनमृते ।
अतस्त्वां संप्रेक्ष्य क्रतुषु फलदानप्रतिभुवं
श्रुतौ श्रद्धां बद्ध्वा दृढपरिकरः कर्मसु जनः ।।२०।।[१०२]

अन्वयः - (हे त्रिपुरहर !) क्रतौ, सुप्ते, (सति) क्रतुमताम्, फलयोगे, त्वं जाग्रत्, असि । प्रध्वस्तम्, कर्म, पुरुषाराधनम्, ऋते, क्व फलति, (न क्वापि) अतः, क्रतुषु, फलदानप्रतिभुवम्, त्वाम्, सम्प्रेक्ष्य, जनः, श्रुतौ, श्रद्धां बद्ध्वा, कर्मसु, दृढपरिकरः, (अस्ति) ।।२०।।

अनुवाद- **भएमा निष्पन्द[१०३] क्रतु फल दिने[१०४] जागृत तिमी
विना तिम्रो आराधन कसरि त्यो कर्म फलने ।
तिमी छौ मध्यस्थ क्रतुफल दिने यो बुझिकन
सबै गर्छन् श्रद्धासहित श्रुतिमार्गानुसरण[१०५] ।।**

मूल- क्रियादक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृता-
मृषीणामार्त्विज्यं शरणद सदस्याः सुरगणाः ।
क्रतुभ्रेषस्त्वत्तः क्रतुफलविधानव्यसनिनो
ध्रुवं कर्तुः श्रद्धाविधुरमभिचाराय हि मखाः ।।२१।।[१०६]

भङ्ग हुन्छ यस्तो असमञ्जसमा परी विष्णुले सोचे मलाई सबैले कमलनयन भन्छन्। एउटा कमलको सट्टा आँखा नै चढाउँछु भनी एउटा आँखा निकालेर चढाई सङ्कल्प पूरा गरे। त्यस्तो अटल भक्तिबाट प्रसन्न भई शिवले विष्णुलाई अमोघ सुदर्शनचक्र दिनुभयो। जसको प्रभावले विष्णु जगत्को रक्षा गर्न समर्थ भएका छन्। यो कथा शिवपुराण, कोटिरुद्रसंहिताको ३४ सौं र स्कन्दपुराण वैष्णवखण्ड कार्तिकमाहात्म्यको ३५ औं अध्यायमा छ ।

१०२. *यस पद्यमा काव्यलिङ्ग अलङ्कार छ ।*

१०३. *क्रियाहीन ।*

१०४. *यज्ञ ।*

१०५. *यज्ञको फल दिने मध्यस्थ (प्रतिभू) शिव छन् भन्ने सम्झेर वैदिक मार्गको अनुसरण गर्छन्।*

१०६. *यस पद्यमा अर्थान्तरन्यास अलङ्कार छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयः - हे शरणद!, (यत्र) क्रियादक्षः, तनुभृताम्, अधीशः, दक्षः, क्रतुपतिः, ऋषीणाम्, आर्त्विज्यम्, सुरगणाः, सदस्याः, (तथाऽपि) क्रतुषु फलदान-व्यसनिनः, त्वत्तः, क्रतुभ्रंशः, (अभूत्) हि (यतः) श्रद्धा-विधुरम्, (यथा स्यात्तथाऽनुष्ठिताः = श्रद्धां विना विहिताः) मखाः, ध्रुवम्, अभिचाराय (भवन्ति) ।।२१।।

अनुवाद- **जनस्वामी दक्ष[१०७] क्रतु[१०८] पति थिए कर्मकुशल**
थिए ऋत्विक्[१०९] आफैं ऋषिगण[११०] सभासद्[१११] सुर सब।
तिमीबाटै ध्वस्त[११२] क्रतु[११३] हुनगयो यज्ञफलद[११४]
भने, पक्का श्रद्धारहित मख[११५] हुन्छन् कुफलद[११६] ।।२१।।[११७]

मूल- प्रजानाथं नाथ प्रसभमभिकं स्वां दुहितरं
गतं रोहिद्भूतां रिरमयिषुमृष्यस्य वपुषा ।
धनुष्पाणेर्यातं दिवमपि सपत्राकृतममुं
त्रसन्तं तेऽद्यापि त्यजति न मृगव्याधरभसः ।।२२।।[११८]

---

१०७. *जननायक (प्रजापति) ।*
१०८. *यज्ञका स्वामी (अर्थात् यजमान) ।*
१०९. *याजक (यज्ञ गराउने ब्राह्मणहरू) आग्नीध्र, ब्रह्मा, होता आदि ।*
११०. *स्वयं मन्त्रद्रष्टा ऋषिहरू नै ।*
१११. *यज्ञमा भूलचूक भएको हेर्ने व्यक्तिहरू ।*
११२. *विनष्ट ।*
११३. *यज्ञ ।*
११४. *यज्ञको फल दिने ।*
११५. *यज्ञ ।*
११६. *नराम्रो फल दिने ।*
११७. *शिवले दक्षको यज्ञविध्वंस गरेको कथा शिवपुराण, रुद्रसंहिता, सतीखण्डको ३७ अध्यायमा र वायवीयसंहिता पूर्वभागको २० औं अध्यायमा एवं स्कन्दपुराण माहेश्वर खण्डका १-५ अध्यायमा अनि श्रीमद्भागवत चतुर्थस्कन्धको पाँचौं अध्यायमा पनि छ ।*
११८. *यस पद्यमा चन्द्रालोकोक्त 'अक्षरसंहति' नामक काव्यलक्षण छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयः - हे नाथ ! रोहिद्भूतां स्वां दुहितरं प्रसभम् रिरमयिषुम्, ऋष्यस्य वपुषा गतम् अभिकम्, दिवं यातमपि सपत्राकृतम् (इव आत्मानं मन्यमानम्) त्रसन्तम्, अमुम्, प्रजानाथं (प्रति) धनुष्पाणेः, ते मृगव्याधरभसः, अद्यापि न त्यजति ।।२२।।

अनुवाद- **बलात् आफ्नै छोरीसँग रमण गर्ने सुर लिँदा**
मृगी भै ती भागिन् मृग भइ पछाए विधि[११९] जहाँ ।
दिनैलाई दण्ड प्रभु शर[१२०]सजाई धनुलिंदा[१२१]
पिछा छाड्दैनौ रे! भझ पनि अहो व्योमतलमा[१२२] ।।२२।।[१२३]

मूल- स्वलावण्याशंसाधृतधनुषमह्नाय तृणवत्
पुरः प्लुष्टं दृष्ट्वा पुरमथन पुष्पायुधमपि ।
यदि स्त्रैणं देवी यमनिरतदेहार्धघटना-
दवैति त्वामद्धा वत वरद मुग्धा युवतयः ।।२३।।[१२४]

११९. *ब्रह्मा ।*
१२०. *वाण ।*
१२१. *धनुलिएका तिमी ।*
१२२. *आकाशतलमा ।*
१२३. *ब्रह्माले आफ्नी अति सुन्दरी छोरी सन्ध्यालाई देखी कामविह्वल भएर तिनीसँग रमण गर्न तत्पर भए । सन्ध्याले लाज मानेर मृगीको रूप धारण गरिन् । उनी मृगी भएको देखेर ब्रह्मा पनि मृगको रूप धारण गरी रमण गर्न खोजे । त्यो देखेर महादेवले धर्मप्रवर्तक भएर पनि यी ब्रह्मा घृणित काम गर्न लागेका हुनाले दण्डनीय छन् भनी पिनाक धनुमा चढाएर बाण छोडिदिनु भयो त्यो बाण आउन लागेको देखेर ब्रह्मा डराएर अघि दौडन थाले । ब्रह्माको भयले सन्ध्या अघि अघि भागिरहेकी थिइन् । त्यो चित्र अहिले पनि आकाशमा देखिन्छ । रोहिणी नक्षत्र मृगीरूपधारिणी ब्रह्मपुत्री सन्ध्या हुन् । मृगशिरा नक्षत्र (तीनतारे) मृगरूपधारी ब्रह्मा हुन्। तीनतारेको नजीक छड्के रूपमा देखिने तीन तारा आर्द्रा नक्षत्र शिवजी हुन् । यहाँ ब्रह्माले मलाई समाउलान् भन्ने डरले भागिरहेकी सन्ध्या र शिवको डरले बेतोडसँग भागेका ब्रह्मा, ब्रह्मालाई दण्ड दिन धनुमा बाण चढाएका शिव पछि पछि दौडिरहेका छन् । कहिल्यै पनि शिवजीले ब्रह्माको पिछा छोडेका छैनन् । यही ऐतिह्य रोहिणी मृगशिरा र आर्द्रा यी तीन नक्षत्रले सम्झाउँछन् । यो कथा स्कन्दपुराण, ब्राह्मखण्ड सेतुमाहात्म्यको ४० औं अध्यायमा छ।*
१२४. *यस पद्यमा अर्थान्तरन्यास अलङ्कार छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्धनारीश्वर (पद्य २३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वयः - हे पुरमथन स्वलावण्याशंसाधृतधनुषम्, पुष्पायुधम्, पुरः, अह्नाय, तृणवत्, प्लुष्टम्, दृष्ट्वा, अपि, देवी, यमनिरतदेहार्धघटनात्, त्वां यदि, स्त्रैणम्, अवैति (तस्मात् कारणात्) अद्धा (सम्यगेव) हे वरद! युवतयः, मुग्धाः (भवन्ति) वत ।।२३।।

अनुवाद- **निजी सौन्दर्यैको भर धनु लिने काम, सहसा**
भयो आफ्नै सामू तृण सरि खरानी, अझ शिवा ।
तिमीलाई मान्छिन् स्ववश यदि अर्धाङ्ग मिलदा
भने, मुग्धा[१२५] हुन्छन् सकल वनिता[१२६], शङ्कर सदा ।।२३।।[१२७]

मूल- श्मशानेष्वाक्रीडा स्मरहर पिशाचाः सहचरा-
श्चिताभस्मालेपः स्रगपि नृकरोटीपरिकरः ।
अमङ्गल्यं शीलं तव भवतु नामैवमखिलं
तथापि स्मर्तॄणां वरद ! परमं मङ्गलमसि ।।२४।।

अन्वयः - **श्मशानेष्विति** – हे स्मरहर! हे वरद ! श्मशानेषु, आक्रीडा, पिशाचाः, सहचराः, आलेपः, चिताभस्म, स्रक्, अपि, नृकरोटीपरिकरः, एवम्, तव, अखिलम्, शीलम्, अमङ्गल्यम् भवतु नाम, तथापि स्मर्तॄणाम् परमम् मङ्गलम् असि ।।२४।।

अनुवाद- **मसानैमा खेल्छौ स्मरहर ! सँगी प्रेतगण छन्**
चिताभस्मै चन्दन् नरखपरमाला छ भगवन् ।
अमङ्गल्याचारप्रथित[१२८] सव तिम्रो चरित छ
तथापि स्मर्ताका[१२९] वरद ! शिव ! छौ मङ्गलमय ।।२४।।

---

१२५. *भोलीभाली हुन्छन् ।*
१२६. *सम्पूर्ण स्त्री ।*
१२७. *शिवपुराण, वायवीयसंहिता, पूर्वभाग १५ औं अध्यायमा अर्धनारीश्वरको वर्णन छ।*
१२८. *मङ्गल्यहीन आचारले प्रसिद्ध (मङ्गले साधुः मङ्गल्यः तत्र साधुरिति यत्) ।*
१२९. *स्मरणकर्ता (सम्झना गर्ने) व्यक्तिलाई वर दिने ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल- मनः प्रत्यक्चित्ते सविधमवधायात्तमरुतः
प्रहृष्यद्रोमाणः प्रमदसलिलोत्सङ्गितदृशः ।
यदालोक्याह्लादं ह्रद इव निमज्ज्यामृतमये
दधत्यन्तस्तत्त्वं किमपि यमिनस्तत् किल भवान् ।।२५।।

अन्वयः - मन इति - प्रत्यक् मनः चित्ते निधाय सविधम् आत्तमरुतः प्रहृष्यद्रोमाणः, प्रमदसलिलोत्सङ्गितदृशः, यमिनः यत् किमपि अन्तः, आलोक्य, अमृतमये ह्रदे निमज्ज्य, इव, आह्लादं दधति तत् तत्त्वम् भवान् किल ।।२५।।

अनुवाद- **गरी प्राणायामै सविध[१३०], मन रोकेर मनमा**
वहाई हर्षाश्रु[१३१] प्रचित[१३२] सव रोमाञ्च तनमा ।
डुबेझैं आनन्दामृतजलधिमा[१३३] योगिजनले
अनौंठो त्यो भित्री अनुभव लिने तत्त्व शिव ! हे ।।२५।।

मूल- त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवह-
स्त्वमापस्त्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च ।
परिच्छिन्नामेवं त्वयि परिणता बिभ्रति गिरं
न विद्मस्तत् तत्त्वं वयमिह तु यत्त्वं न भवसि ।।२६।।

अन्वयः - त्वमिति- (हे विभो) परिणताः(वृद्धाः), त्वम् अर्कः त्वम् सोमः, त्वम् पवनः त्वम् हुतवहः, त्वम् आपः, त्वम् व्योम, त्वम् उ धरणिः, त्वम् आत्मा इति च (अष्टमूर्तिरूप इति) त्वयि, एवम् परिच्छिन्नाम् गिरम् बिभ्रतु, वयं तु, इह तत् तत्त्वं न विद्मः, यत् त्वं न भवसि ।।२६।।

---

१३०. सविध= विधा (प्रकार) सहित। प्राणायामका तीन विधा-पूरक, कुम्भक र रेचक छन्।

१३१. हर्षका आँसु ।

१३२. प्रकट भएको (बढेको) ।

१३३. आनन्दरूपी अमृतको समुद्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद– **तिमी हावा पानी विधु[१३४] रवि[१३५] र आगो पनि तिमी**
तिमी आत्मा पृथ्वी गगन[१३६] यति तिम्रो तनु[१३७] भनी ।
पुरानाको बोली परिमित[१३८] यसैमा[१३९] हुन गयो
म सम्झन्छु शम्भो तिमि विनु कुनै छैन सब यो ।।२६।।[१४०]

मूल– त्रयीं तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरा–
नकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत्तीर्णविकृति ।
तुरीयं ते धाम ध्वनिभिरवरुन्धानमणुभिः
समस्तं व्यस्तं त्वां शरणद गृणात्योमिति पदम् ।।२७।।

अन्वयः – **त्रयीमिति** – हे शरणद ! अकाराद्यैः, त्रिभिः, वर्णैः, त्रयीम्, तिस्रो वृत्तीः, त्रिभुवनम्, अथो त्रीन् सुरानपि व्यस्तं (यथा स्यात्तथा) त्वाम्, अभिदधत् तीर्णविकृति अणुभिः, ध्वनिभिः अवरुन्धानम्, ते, तुरीयं धाम समस्तम् (संहितम्) ओम् इति पदम् (समस्तम् त्वाम्) गृणाति ।।२७।

अनुवाद– **त्रयी[१४१] तीनै वृत्ति[१४२] त्रिभुवन[१४३] अनी तीन सुरमा[१४४]**
तिनौटा वर्णैले[१४५] अभिहित[१४६] गरी व्यष्टिमहिमा[१४७] ।

---

१३४. *चन्द्र ।*
१३५. *सूर्य ।*
१३६. *आकाश ।*
१३७. *मूर्ति ।*
१३८. *परिच्छिन्न (सीमित) । पुरानाको बोली अर्थात् ऋषिमुनिहरूको उक्ति यिनै आठमूर्तिमा सीमित भयो ।*
१३९. *यिनै अष्टमूर्तिहरूमा ।*
१४०. *शिवका यी अष्टमूर्तिको वर्णन शिवपुराण, वायवीयसंहिता १२ अध्यायको ४१–४३ श्लोकमा छ ।*
१४१. *तीनवेद = ऋक् यजुः साम ।*
१४२. *जाग्रत्, स्वप्न, सुषुप्ति ।*
१४३. *तीन लोक = स्वर्ग, मर्त्य, पाताल ।*
१४४. *तीन देवता = ब्रह्मा, विष्णु, महेश्वर ।*
१४५. *अ, उ, म यी तीन अक्षरले ।*
१४६. *कथन गरेर (बताएर) ।*
१४७. *पृथक् पृथक् पदार्थको महात्म्य ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुरीयावस्था[१४८]को अणुनिनदमा[१४९] व्याप्त शिवको
समष्टि[१५०] त्यो धाम[१५१] स्तवन[१५२] गरने ओम् पद छ यो ।।२७।।[१५३]

मूल- भवः शर्वो रुद्रः पशुपतिरथोग्रः सह महाँ-
स्तथा भीमेशानाविति यदभिधानाष्टकमिदम् ।
अमुस्मिन् प्रत्येकं प्रविचरति देव ! श्रुतिरपि
प्रियायास्मै धाम्ने प्रणिहितनमस्योऽस्मि भवते ।।२८।।

अन्वयः - भवः शर्व इति- हे देव! भवः, शर्वः, रुद्रः, पशुपतिः, अथ, उग्रः, सहमहान् (महादेवः), तथा, भीमाशानौ, इति, इदम्, यत्, अभिधा-नाष्टकम्, अमुस्मिन्, प्रत्येकम्, श्रुतिरपि, प्रविचरति, अस्मै, प्रियाय धाम्ने भवते प्रणिहितनमस्यः, अस्मि ।।२८।।

अनुवाद- भवः शर्वो रुद्रः पशुपति, महादेव सहित
तथा भीमेशानोग्र यति शिवनामाष्टक[१५४] भयो ।
श्रुति व्याख्या गर्छन् मनुमय[१५५] यिनै आठ पदको
यही प्यारो ज्योतिर्मय शिव तिमीमा छ नति[१५६] यो ।।२८।।[१५७]

मूल- नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमः
नमः क्षोदिष्ठाय स्मरहर महिष्ठाय च नमः ।

---

१४८. चौथो अवस्था ।
१४९. सूक्ष्म शब्द (अर्धमात्रा) ।
१५०. अखण्ड ।
१५१. पदको ।
१५२. स्तुति ।
१५३. यो ॐकार महिमा शिवपुराण, कैलाशसंहिता ११ अध्यायको ४४ श्लोकदेखि अन्तसम्म र १२ अध्यायको आरम्भदेखि १४ श्लोकसम्म वर्णन गरिएको छ ।
१५४. भव, शर्व, रुद्र, पशुपति, महादेव, भीम, ईशान र उग्र यी शिवका आठ नाम ।
१५५. मन्त्रमय ।
१५६. नमस्कार ।
१५७. शिवका भव, सर्व इत्यादि आठ नामको विवरण शिवपुराण, वायवीसंहिता, उत्तरभाग तेस्रो अध्यायको १८ देखि २७ श्लोकसम्म छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमः
नमः सर्वस्मै ते तदिदमिति सर्वाय च नमः ।।२९।।[१५८]

अन्वयः - हे प्रियदव[१५९]! (वनप्रिय!) नेदिष्ठाय, ते नमः, दविष्ठाय (अतिदूरस्थाय) च, (ते) नमः, हे स्मरहर! क्षोदिष्ठाय (अतिक्षुद्राय ते) नमः, महिष्ठाय च (ते) नमः, हे त्रिनयन! वर्षिष्ठाय (ते) नमः, यविष्ठाय च (ते) नमः, सर्वस्मै (ते) नमः, तत्, इदम्, इति सर्वाय च (ते) नमः ।।२९।।

अनुवाद- **नजीकैमा छौ हे वनचर[१६०] ! तिमी दूर पनि छौ**
अतीसूक्ष्मै छौ हे स्मरहर अति स्थूल पनि छौ ।
सबैभन्दा बूढा अतियुवक वन्दे तिमिकन
तिमी [१६१]त्यो [१६२]यो सर्वप्रतिकृति[१६३] तिमीमा छ नमन[१६४] ।।२९।।

मूल- बहुलरजसे विश्वोत्पत्तौ भवाय नमोनमः
प्रबलतमसे तत्संहारे हराय नमोनमः ।
जनसुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमोनमः
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमोनमः ।।३०।।[१६५]

अन्वयः - विश्वोत्पत्तौः, बहुलरजसे, भवाय, नमोनमः, तत्संहारे, प्रबलतमसे, हराय, नमोनमः, जनसुखकृते, सत्त्वोद्रिक्तौ, (स्थिताय) मृडाय, नमोनमः, प्रमहसि निस्त्रै गुण्ये, पदे, (स्थिताय) शिवाय, नमोनमः ।।३०।।

---

१५८. *यस पद्यमा विरोधाभास अलङ्कार छ।*
१५९. *'वने च वनवह्नौ च दवो दाव इहेष्यते' इति यादवः ।*
१६०. *वनमा घुम्ने ।*
१६१. *सूक्ष्म (इन्द्रियातीत) ।*
१६२. *स्थूल (इन्द्रियगोचर) ।*
१६३. *सबै पदार्थको प्रतिमूर्ति स्वरूप ।*
१६४. *तिमीमा नमस्कार छ।*
१६५. *हरिणी छन्द - रसयुगहयैर्न्सौम्रौ स्लौ गो यदा हरिणी तदा । यस पद्यमा विरोधाभास अलङ्कार छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद- भव[१६६] ! भुवनको गर्छौ सृष्टि प्रकृष्ट रजस् लिई
हर[१६७] ! जगतको संहारात्मा तमोगुणका तिमी ।
मृड[१६८] ! भुवनको रक्षा गर्छौ सुसत्त्व गुणी बनी
गुणरहित छौ ज्योतिर्धामा[१६९] सदाशिव[१७०]! हे तिमी ।।३०।।

मूल- कृशपरिणति चेतः क्लेशवश्यं क्व चेदं
क्व च तव गुणसीमोल्लङ्घिनी शश्वदृद्धिः ।
इति चकितममन्दीकृत्य मां भक्तिराधाद्
वरद चरणयोस्ते वाक्यपुष्पोपहारम् ।।३१।।[१७१]

अन्वयः - हे वरद ! कृशपरिणति, क्लेशवश्यम्, इदम्, चेतः, च क्व, गुण-सीमोल्लङ्घिनी, शश्वत्, (नित्या) तव, ऋद्धिश्च, क्व, इति चकितम्, माम्, अमन्दीकृत्य, भक्तिः, (एव) ते, चरणयोः, वाक्यपुष्पोपहारम्, आधात् ।।३१।।

अनुवाद- लघुतर[१७२] मन मेरो क्लेशसन्तप्त काहाँ,
बहुगुणमय[१७३] तिम्रो दिव्य ऐश्वर्य काँहाँ, ।
यसरी म त डराएँ, भक्तिले नै लगायो
कर[१७४], दुइ पदमा हो वाक्यपुष्पावली यो ।।३१।।

मूल- असितगिरिसमं स्यात्कज्जलं सिन्धुपात्रे
सुरतरुवरशाखा लेखनी पत्रमुर्वी ।

---

१६६. *भवति अस्माद् जगत् इति भवः सृष्टि गर्ने ।*
१६७. *हरति सर्वान् लोकान् इति हरः संहार गर्ने ।*
१६८. *मृडयति सुखयति लोकान् इति मृडः = पालन गर्ने।*
१६९. *प्रकाशमय धाम (निवासस्थान) भएका ।*
१७०. *सदाकल्याण स्वरूप ।*
१७१. *यस श्लोकमा विषमालङ्कार छ अनि श्लोक ३१, ३२, ३३, ३४, ३७ र ३८ मा मालिनी छन्द छ । ननमयययुतेयं मालिनी भोगिलोकैः ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिखति यदि गृहीत्वा शारदा सर्वकालं
तदपि तव गुणानामीश पारं न याति ।।३२।।[१७५]

अन्वयः - हे ईश, सिन्धुपात्रे, असितगिरिसमम्, कज्जलम्, स्यात्, सुरतरुवर-शाखा, लेखनी (स्यात्) पत्रम् (कर्गजम्) पृथ्वी (स्यात्) (उक्तमुपकरणम्) गृहीत्वा, यदि, शारदा, सर्वकालम्, लिखति, तदपि, (तथापि), तव, गुणानाम्, पारम्, न, याति ।।३२।।

अनुवाद- **जलधिमय[१७६] मस्यानी[१७७], होस् मसी नील अद्रि[१७८],**
सुरतरुवरशाखा[१७९] लेखनी[१८०], पत्र[१८१] पृथ्वी, ।
प्रतिपल न विसाई शारदा[१८२] लेखिराखुन्,
तर पनि गुण तिम्रा के सबै लेख्न सक्छिन् ।।३२।।

मूल- असुरसुरमुनीन्द्रैरर्चितस्येन्दुमौले-
ग्रंथितगुणमिहम्नो निर्गुणस्येश्वरस्य ।
सकलगुणगरिष्ठः पुष्पदन्ताभिधानो
रुचिरमलघुवृत्तैः स्तोत्रमेतच्चकार ।।३३।।

अन्वयः - सकलगुणगरिष्ठः पुष्पदन्ताभिधानः (शिवानुचरः) असुरसुरमुनीन्द्रैः,

---

१७२. *ज्यादै क्षुद्र ।*
१७३. *धेरै गुण भएको ।*
१७४. *कर लगायो = विवश गरायो ।*
१७५. *यस पद्यमा असम्भव अथवा विशेषोक्ति अलङ्कार छ ।*
१७६. *समुद्ररूपी ।*
१७७. *मसीको भाँडो ।*
१७८. *नीलपर्वत ।*
१७९. *कल्पवृक्षको हाँगा ।*
१८०. *कलम ।*
१८१. *कागज ।*
१८२. *सरस्वती ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्चितस्य, इन्दुमौलेः, ग्रथितगुणमहिम्नः निर्गुणस्य, ईश्वरस्य, एतत्, रुचिरम्, स्तोत्रम्, अलघुवृत्तैः, चकार ।।३३।।

अनुवाद- मुनि सुर असुरैले[१८३] पूजिएका महेश
गुणगण-महिमावान्[१८४] निर्गुणी शङ्करैको
सकलगुणगरीयान्[१८५] भक्तिमान् पुष्पदन्त-
रचित रुचिर लामो छन्दको स्तोत्र हो यो ।।३३।।

मूल- अहरहरनवद्यं धूर्जटेः स्तोत्रमेतत्
पठति परमभक्त्या शुद्धचित्तः पुमान् यः ।
स भवति शिवलोके रुद्रतुल्योऽधुनाऽत्र
प्रचुरतरधनायुः पुत्रवान् कीर्तिमाँश्च ।।३४।।

अन्वयः - यः, पुमान्, शुद्धचित्तः, एतत्, अनवद्यम्, धूर्जटेः, स्तोत्रम्, अहरहः, परमभक्त्या, पठति, स, शिवलोके, रुद्रतुल्यः, भवति । तथा, अत्र, प्रचुरतरधनायुः पुत्रवान् कीर्तिमान् च (भवति) ।।३४।।

अनुवाद- दिन दिन अति राम्रो यो शिवस्तोत्रलाई
मन दिइ जसले सद्भक्तिले पाठ गर्लां ।
धन सुख सुत आयुष्कीर्तिमान् याँही होला
शिव सम बनिजाला धाममा छोडि चोला ।।३४।।

मूल- महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः ।
अघोरान्नापरो मन्त्रो नास्ति तत्त्वं गुरोः परम् ।।३५।।[१८६]

अन्वयः - महेशात् अपरः (श्रेष्ठः) देवो न, महिम्नः, अपरा (श्रेष्ठा) स्तुतिः, न ।

---

१८३. *ऋषि, देवता, दानव सबैले ।*

१८४. *गुणहरूको समूहले महिमा भएका, वस्तुतः निर्गुण ।*

१८५. *सम्पूर्ण गुणले श्रेष्ठ ।*

१८६. *श्लोक ३५, ३६, ४०, ४१ र ४२ मा अनुष्टुप् छन्द छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघोरात् अपरः[१८७] (श्रेष्ठः) मन्त्रो न, गुरोः परम् (श्रेष्ठम्) तत्त्वम् न अस्ति ।।३५।।

अनुवाद- **देवतामा महादेव, स्तोत्रमा यो[१८८] छ उत्तम ।**
अघोर मन्त्रमा श्रेष्ठ, गुरु हुन् ज्ञान वास्तव[१८९] ।।३५।।

मूल- दीक्षा दानं तपस्तीर्थं ज्ञानं यागादिकाः क्रियाः
महिम्नः स्तवपाठस्य कलां नार्हन्ति षोडशीम् ।।३६।।

अन्वयः - दीक्षा, दानम्, तपः, तीर्थम्, ज्ञानम्, यागादिकाः क्रियाः । महिम्नःस्तोत्रपाठस्य, षोडशीम्, कलाम्, (अपि) न अर्हन्ति ।।३६।।

अनुवाद- **दीक्षा[१९०] दान तपस्[१९१] तीर्थ ज्ञान यागादि कर्म त**
महिम्नः स्तोत्रको दिन्नन् षोडशांश[१९२] पनी फल ।।३६।।

मूल- कुसुमदशननामा सिद्धगन्धर्वराजः
शिशुशशिवरमौलेर्देवदेवस्य दासः ।
स खलु निजमहिम्नो भ्रष्ट एवास्य रोषात्
स्तवनमिदमकार्षीद् दिव्यदिव्यं महिम्नः ।।३७।।

अन्वयः - शिशुशशिवरमौलेः, देवदेवस्य, दासः, कुसुमदशननामा, सर्वगन्धर्वराजः, सः, खलु, अस्य, एव, रोषात्, निजमहिम्नः भ्रष्टः (सन्) दिव्यदिव्यम्, इदम्, महिम्नः, स्तवनम् अकार्षीत् ।।३७।।

---

१८७. न परः श्रेष्ठो यस्मादिति बहुव्रीहिः । सर्वश्रेष्ठ इत्यर्थः, वस्तुतस्तु 'महेशात्र परो देवो महिम्नो न परा स्तुतिः' इत्यादिपाठः समीचीनः ।

१८८. महिम्नः स्तोत्र ।

१८९. सच्चा ज्ञान गुरु नै हुन् । गुरु विना ज्ञान पाइँदैन ।

१९०. मन्त्रग्रहण र जप ।

१९१. चान्द्रायणादि तप ।

१९२. सोह्रखण्डको १ खण्ड (एक आना फल दिन पनि सक्दैनन्) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद- **कुसुमदशननामा[१९३] सिद्धगन्धर्वराज[१९४]**
शिशुशशिमुकुट[१९५] श्रीशङ्करैका सुदास[१९६] ।
प्रभु कुपित[१९७] हुनाले शक्तिले हीन हुन्छन्
अनि शिव महिमाको दिव्य यो स्तोत्र रच्छन् ।।३७।।

मूल- सुरनरमुनिपूज्यं स्वर्गमोक्षैकहेतुं
पठति यदि मनुष्यः प्राञ्जलिर्नान्यचेताः ।
व्रजति शिवसमीपं किन्नरैः स्तूयमानः
स्तवनमिदममोघं पुष्पदन्तप्रणीतम् ।।३८।।

अन्वयः - यदि प्राञ्जलिः, नान्यचेताः, मनुष्यः, इदम्, सुरवरमुनिपूज्यम्, स्वर्ग-मोक्षैकहेतुम्, अमोघम्, पुष्पदन्तप्रणीतम्, स्तवनं पठति (स) किन्नरैः स्तूयमानः (सन्) शिवसमीपम्, व्रजति ।।३८।।

अनुवाद- **सुरनरमुनिमान्य[१९८] स्वर्ग औ मोक्षदायी**
स्तव पढदछ जो यो भक्तिले हात जोडी ।
शिव नजिक उ जाला किन्नरश्रेणि[१९९] साथ
सफल छ सुमदन्तप्रोक्त[२००] यो स्तोत्रराज[२०१] ।।३८।।[२०२]

---

१९३. *पुष्पदन्त नाम भएका ।*
१९४. *सिद्ध र गन्धर्व गणको राजा ।*
१९५. *बालचन्द्रको मुकुट धारण गर्ने ।*
१९६. *असल सेवक ।*
१९७. *रिसाउनाले ।*
१९८. *देव मानव र मुनिहरूले मानिएको ।*
१९९. *किन्नर गण ।*
२००. *पुष्पदन्त प्रोक्त ।*
२०१. *स्तोत्रको राजा (श्रेष्ठ स्तोत्र) ।*
२०२. *माथि ३३ पद्यमा र यो ३८ पद्यमा उल्लिखित पुष्पदन्तको कथा पुष्पदन्तवृतान्तमा बताइएको छ र स्कन्दपुराण, प्रभासखण्ड, प्रभासमाहात्म्य १८० अध्यायमा सङ्क्षिप्तरूपमा (जम्मा ३ श्लोकमा) पुष्पदन्तेश्वर कथा उल्लिखित छ ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल- श्रीपुष्पदन्तमुखपङ्कजनिर्गतेन
स्तोत्रेण किल्विषहरेण हरप्रियेण ।
कण्ठस्थितेन पठितेन समाहितेन
सुप्रीणितो भवति भूतपतिर्महेशः ।।३९।।[२०३]

अन्वयः - श्रीपुष्पदन्तमुखपङ्कजनिर्गतेन, किल्विषहरेण, हरप्रियेण, स्तोत्रेण, समाहितेन, कण्ठस्थितेन, पठितेन, भूतपतिः, महेशः, सुप्रीणितः, भवति ।।३९।।

अनुवाद- **श्रीपुष्पदन्तमुखपङ्कजको[२०४] सुवास**
पापापहारि[२०५] शिवको रुचिर[२०६] प्रशंसा[२०७] ।
कण्ठस्थ स्वस्थ मनले पढिए अवश्य
होलान् प्रसन्न जगदीश्वर ती महेश ।।३९।।

मूल- इत्येषा वाङ्मयी पूजा श्रीमच्छङ्करपादयोः ।
अर्पिता तेन देवेशः प्रीयतां मे सदाशिवः ।।४०।।

अन्वयः - इति, एषा, वाङ्मयी, पूजा, श्रीमच्छङ्करपादयोः, अर्पिता, तेन, देवेशः, सदाशिवः, मे, प्रीयताम् ।।४०।।

अनुवाद- **यो उक्त[२०८] वाङ्मयी[२०९] पूजा श्रीमान् शङ्करपाउमा ।**
चढाएँ यसले होउन् प्रसन्न भगवान् शिव ।।४०।।

---

२०३. *यस पद्यमा वसन्ततिलका छन्द छ । उक्ता वसन्ततिलका तभजा जगौ गः।*

२०४. *श्रीपुष्पदन्ताचार्यको मुखरूपी कमलको सुवास अर्थात् श्री पुष्पदन्ताचार्यको उद्गार (उनको रचना)।*

२०५. *पापहरण गर्ने ।*

२०६. *राम्रो ।*

२०७. *स्तोत्र ।*

२०८. *माथि भनिएको ।*

२०९. *(प्रकृता वाचो यस्यां सा तादृशी पूजा अधिकरणे मयट्) वाणीको प्रचुरता छ जसमा त्यस्तो पूजा, अर्थात् स्तुति ।*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल- तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर ।
यादृशोऽसि महादेव तादृशाय नमोनमः ।।४१।।

अन्वयः - हे महेश्वर, तव, तत्त्वम्, न, जानामि, कीदृशः, असि । हे महादेव, यादृशः, असि, तादृशाय, (तुभ्यम्) नमः ।।४१।।

अनुवाद- **कस्तो तत्त्व छ तिम्रो र कस्ता छौ यो म जान्दिन ।**
जस्ता छौ हे महादेव त्यस्तैलाई नमोनमः ।।४१।।

मूल- यदक्षरपदभ्रष्टं मात्राहीनञ्च यद् भवेत् ।
तत्सर्वं क्षम्यतां देव प्रसीद परमेश्वर ।।४२।।

अन्वयः - हे देव ! (अत्र पाठे) यत् अक्षरपदभ्रष्टं (पठितम्) यत् मात्राहीनं च (पठितम्) भवेत्, तत्सर्वं (भवता) क्षम्यताम्, हे परमेश्वर ! प्रसीद।।४२।।

अनुवाद- **जो अक्षर पद भ्रष्ट भयो मात्रा छुट्यो यहाँ ।**
क्षमा गरेर त्यो सारा खुशी होऊ महेश्वर ।।४२।।

इति श्रीपुष्पदन्ताचार्यविरचित-शिवमहिम्नः स्तोत्रं प्रा.डा. दुर्गादत्तशर्मविरचितसान्वय-नेपालीपद्यानुवादेन टिप्पण्या च सहितं सम्पूर्णम्

उपहार ५०२
ACC 503

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकको परिचय

नाम	:	दुर्गादत्त शर्मा उपाध्याय
जन्मस्थल	:	जैदी गा.वि.स. वार्ड नं. १, बाग्लुङ
जन्म मिति	:	वि.सं. १९९६ चैत्र ३ गते
शिक्षा	:	साहित्याचार्य, विद्यावारिधि, (पीएच्.डी.), बी. एड्.
स्थायी आवास	:	भरतपुर न.पा. वार्ड नं. १२, चितवन
वर्तमान् आवास	:	का.म.न.पा. २९ ठमेल, फोन : ४४१८७२४
विश्वविद्यालय सेवा	:	२०३८।८।२४ देखि २०५९ फागुन मसान्तसम्म
कार्यालय	:	वाल्मीकि विद्यापीठ, (भृकुटीमण्डप, काठमाण्डू, नेपाल)
पद	:	प्राध्यापक
कृति–ग्रन्थव्याख्यान एवं अनुवाद	:	लघुसिद्धान्तकौमुदीको सुबोधिनी नेपाली टीका म.सं.वि.बाट ५७ औं पुष्पको रूपमा प्रकाशित । "शिवमहिम्नःस्तोत्र"को र "शिशुपालवध" द्वितीयसर्गको समच्छन्दी पद्यानुवाद "ऋतम्भरा" पत्रिकामा प्रकाशित । "राजगुणानुवर्णनम्"को पद्यानुवाद राजमहिमा, र "नारदभक्तिसूत्र" सानुवाद व्याख्या स्वतन्त्र पुस्तिकाको रूपमा प्रकाशित ।
ग्रन्थ सम्पादन	:	म.सं.वि.को सम्पादक मण्डलमा रही "कर्मकाण्ड-भास्करः", "तन्त्रचिन्तामणिः", "ब्रह्मसूत्रशाङ्करभाष्यम्" आदि दर्जनौं ग्रन्थहरू र "ऋतम्भरा" पत्रिकाका कतिपय अङ्कहरू ।
रचनाहरू	:	संस्कृत एवं नेपाली भाषामा रचित विविध रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित । धेरै रचना अप्रकाशित ।
विश्वविद्यालयीय कार्य	:	प्राज्ञिक परिषद्, अनुसन्धान-समिति, परीक्षा-समिति आदि समितिमा रही काम गरेको । हाल विद्यावारिधिमा संलग्न कतिपय अनुसन्धाताहरूको विशेषज्ञ पदमा रहेको ।
विशेष अभिरुचि	:	ग्रन्थसम्पादन, शास्त्रीय अनुसन्धान धार्मिक प्रवचन आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu